# प्रभाव दैनिक
National Daily

इ-पेपरका लागि

वर्ष १० | अंक ९६ | काठमाडौं | शुक्रबार, १२ साउन २०८० | Prabhab National Daily | Friday, July 28, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


## सभापतिमा भिड्न नेताहरूको 'वार्मअप'

### शशांकको चियापानपछि विमलेन्द्रको रात्रिभोज



- १५औं महाधिवेशन आउन अझै दुई वर्ष बाँकी नै रहेको बेला केन्द्रीय समितिका सदस्यहरु काठमाडौं जुटेको बेला नेताहरु भने आफ्नो पक्षमा माहोल बनाउने कसरत
- देउवा भनै शक्तिशाली देखिए पनि उनको उत्तराधिकारी भने कोही नभएको संस्थापनभित्रै चर्चा
- शशांकको चियापान र निधिको रात्रिभोज माहोल बनाउने उद्देश्यबाट प्रेरित

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली कांग्रेसको पछिल्लो केन्द्रीय समिति बैठक विभिन्न निर्णय गर्दै बुधबार सम्पन्न भयो। केन्द्रीय समितिकै छेको पारेर केही नेताले भने चियापानदेखि रात्रिभोज गर्न भ्याएका छन् । मंगलबार कांग्रेस केन्द्रीय सदस्य डा. शशांक कोइरालाले लैनचौरमा चियापान आयोजना गरेका थिए । चियापान 'कांग्रेस एक छ' भनेर देखाउन आयोजना गरिएको शशांकले बताए ।

त्यसको दुई दिनपछि बिहीबार साँझ कांग्रेस नेता विमलेन्द्र निधिले मैत्रीपूर्ण रात्रिभोज आयोजना गरे । नयाँ बानेश्वरको आनन्दभूमि एभेन्ट्समा साँझ छ केन्द्रीय कार्यसमितिका सदस्यहरूलाई निम्तो दिइएको थियो ।

कार्यक्रममा नेताहरू साढे ६ बजेबाटै आउन सुरु गरे । रात्रिभोजमा सीमित सञ्चारकर्मीलाई पनि निम्तो गरिएको थियो । पार्टी सभापति शेरबहादुर देउवा साँझ ७ बजे आइपुग्नसाथ रात्रिभोज औपचारिक रूपमा सुरु भयो । देउवा आइपुग्नसाथ निधिले औपचारिक कार्यक्रमका लागि सबैलाई मञ्चतिर डाके। एकैछिनमा निधिले केन्द्रीय कार्यसमितिको सम्मानमा मैत्रीपूर्ण रात्रिभोजको आयोजना गरेको जानकारी दिँदै स्वागत गरे । त्यसपछि देउवाले निधिलाई कार्यक्रम आयोजना गरिएकोमा धन्यवाद दिए ।

रत्रिभोजमा पार्टी सभापति शेरबहादुर देउवा, उपसभापतिहरू पूर्णबहादुर खड्का, धनराज गुरुङ, पदाधिकारी तथा केन्द्रीय सदस्य, पार्टीबाट सरकारमा सहभागी मन्त्री, सांसदलगायतको उपस्थिति थियो। त्यस्तै डा. शेखर कोइराला, डा. शशांक कोइराला, प्रकाशमान सिंह, गोपालमान श्रेष्ठ, विजयकुमार गच्छदारलगायत नेताहरूको पनि उपस्थिति रहेको थियो ।

**माहोल बनाउँदै नेताहरू**

नेपाली कांग्रेसको १४औं महाधिवेशन पूरा भएको २० महिना पुगेको छ । यही बीचमा कांग्रेसमा सभापति परिवर्तनको आवाज उठ्न थालेको छ । १५औं महाधिवेशन आउन अझै दुई वर्ष बाँकी नै रहेको बेला केन्द्रीय समितिका सदस्यहरू काठमाडौं जुटेको बेला नेताहरू भने आफ्नो पक्षमा माहोल बनाउन थालेका छन् । चियापान, रात्रिभोजका सन्देश यही रहेको नेताहरू बताउँछन् । कांग्रेसमा देउवाको उत्तराधिकारीखोज्नेक्रमसुरुभइसकेको बेला शशांक (बाँकी पृष्ठ २ मा)

## मुख्यमन्त्री नियुक्ति असंवैधानिक, कोशीमा अर्को सरकार

■ जेबी योञ्जन

**काठमाडौं–** सर्वोच्च अदालतले उद्धव थापाको मुख्यमन्त्री नियुक्ति असंवैधानिक ठहर गरेसँगै कोशी प्रदेशमा एक साताभित्रमा फेरि सरकार गठन हुने भएको छ । गठन हुने सरकार संविधानको धारा १६८ को उपधारा (२) अनुसार हुनुपर्नेछ ।

यो उपधारा अनुसार प्रदेशसभामा प्रतिनिधित्व गर्ने दुई वा दुईभन्दा बढी दलहरूको समर्थनमा बहुमत प्राप्त गर्न सक्ने प्रदेशसभाको सदस्य मुख्यमन्त्री हुनेछन् । उनलाई प्रदेश प्रमुखले मुख्यमन्त्रीमा नियुक्त गर्नुपर्ने प्रावधान छ ।

२१ असारमा थापाले प्रदेश सभामुख बाबुराम गौतमसमेतको हस्ताक्षरले बहुमत पुगेको भन्दै पेस गरेको दाबीका आधारमा मुख्यमन्त्री नियुक्त भएका थिए । जतिबेला उनलाई उनको दल कांग्रेसका २९ जना, नेकपा माओवादी केन्द्रका सभामुख गौतमसहित १३ जना, नेकपा एकीकृत समाजवादीका चार जना र जनता समाजवादी पार्टीका एक जना गरी ४७ जनाको समर्थन गरेको थियो ।

सोही दिन थापालाई मुख्यमन्त्री नियुक्त नगर्न माग गर्दै सर्वोच्चमा रिट परेको थियो । रिट निवेदक पूर्वमुख्यमन्त्री तथा एमाले संसदीय दल कोशी प्रदेशका नेता हिक्मतकुमार कार्की हुन् । तर, प्रदेश प्रमुख परशुराम खापुङले थापालाई मुख्यमन्त्री नियुक्त गरे। २१औं दिनमा भने थापाको मुख्यमन्त्री नियुक्ति नै सर्वोच्चको पूर्णइजलासबाट असंवैधानिक ठहर भएको हो । यससँगै सर्वोच्चले नयाँ सरकारका लागि पुनः आह्वान गर्न प्रदेश प्रमुखलाई आदेश दिएको छ।

सर्वोच्चका प्रवक्ता विमल पौडेलले आदेशको पाठ सुनाउँदै 'नेपालको संविधानको धारा १६८ को उपधारा २ बमोजिम अर्को सरकार गठन गर्ने विकल्प रहेसम्म सो विकल्प अपनाउनु वाञ्छनीय देखिएको र उक्त धाराबमोजिम नयाँ सरकार गठन गर्न मिल्ने नै अवस्था रहेको र जुन बिन्दुबाट संविधानको प्रयोग र पालनामा त्रुटि देखिएको हो सोही अवस्थाबाट संविधानसम्मत ढंगले प्रक्रिया अगाडि बढाउनु मनासिब देखिएको,' बताए । (बाँकी पृष्ठ २ मा)



> प्रदेशसभा तथा सभामुखको निर्वाचनका सन्दर्भमा निजको कुनै राजनीतिक दलसँग आबद्धता रहेको भए पनि सभामुखको पदमा निर्वाचित भइसकेपछि दलीय आबद्धता कायम नरही निजको हैसियत स्वतन्त्र र तटस्थ अवस्थाको रहन्छ, रहनुपर्दछ ।



सर्वोच्चले जे आदेश दिएको छ, त्यो मेरा लागि स्वीकार्य छ । मेरो त्यसमा कुनै विमति छैन ।

■ **उद्धव थापा**
**पदमुक्त मुख्यमन्त्री**



सरकार गठनको क्रममा संविधान मिचिएको अवस्थालाई सर्वोच्च अदालतले सच्याएको छ ।

■ **हिक्मतकुमार कार्की**
**पूर्वमुख्यमन्त्री**

### सभामुखको सीमा तोकियो

सर्वोच्चका न्यायाधीशहरू ईश्वरप्रसाद खतिवडा, डा. आनन्दमोहन भट्टराई र तिलप्रसाद श्रेष्ठको पूर्णइजलासले प्रदेशसभाको सभामुख पद राजनीतिकरूपमा तटस्थ र निष्पक्ष रहनुपर्ने जनाएको छ । त्यस्तो नभई कुनै दलको पक्षधरता लिए त्यो असंवैधानिक हुने ठहऱ्याएको छ ।

सर्वोच्चको संक्षिप्त आदेशमा भनिएको छ, 'प्रदेशसभा तथा सभामुखको निर्वाचनका सन्दर्भमा निजको कुनै राजनीतिक दलसँग आबद्धता रहेको भए पनि सभामुखको पदमा निर्वाचित भइसकेपछि दलीय आबद्धता कायम नरही निजको हैसियत स्वतन्त्र र तटस्थ अवस्थाको रहन्छ, रहनुपर्दछ ।' पूर्णइजलासले सभामुखको भूमिका 'रेफ्री' को जस्तै भएको औंल्याएको छ ।

**सन्दर्भ : वैदेशिक रोजगार**

## जिटकोमा १४२ म्यानपावर सूचीकृत

■ प्रभाव संवाददाता

公益財団法人 国際人材協力機構
JITCO
Japan International Trainee & Skilled Worker Cooperation Organization

**काठमाडौं–** वैदेशिक रोजगार विभागले जापान इन्टरनेसनल ट्रेनिङ को-अपरेसन अर्गनाइजेसन (जिटको)मा सूचीकृत म्यानपावर कम्पनीहरूको नामावली सार्वजनिक गरेको छ । विभागले जापानमा अभ्यासार्थी/प्रशिक्षार्थी श्रमिक पठाउन अनुमति पाएका जिटकोमा सूचीकृत १४२ म्यानपावरको नामावली सार्वजनिक गरेको हो ।

त्यस्तै विभागले जिटको लाइसेन्सको समयावधि सकिएका म्यानपावर कम्पनीलाई यही साउन १५ गतेभित्र नवीकरण गरिसक्नुपर्ने जनाएको छ । यसअघि विभागले जापानमा प्रशिक्षार्थी कामदार पठाउन इच्छुक इजाजतपत्र प्राप्त म्यानपावर कम्पनीहरूलाई वैशाखभित्र जिटकोमा सूचीकृत हुन सूचित गरेको थियो। सुरुआती चरणमा २५० भन्दा बढी म्यानपावर कम्पनी जिटकोमा सूचीकृत भए पनि पछिल्लो समय सूचीकृत हुने र नवीकरण गर्ने कम्पनीहरूको संख्या घट्दै गइरहेको विभागको तथ्यांकले देखाएको छ । विभागमा सूचीकृत हुने तर जापानमा प्रशिक्षार्थी श्रमिक पठाउन नसक्ने भएपछि यसप्रति म्यानपावर कम्पनीहरूको आकर्षण घट्दै गएको छ।

जिटकोअन्तर्गत रोजगारीमा जापान जान ४० वर्ष ननाघेका प्रशिक्षार्थी श्रमिकले औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि, सहकारी सामुदायिक संघसंस्था, होटल, पर्यटन व्यवसायलगायतका सेवा तथा वस्तु उत्पादनका क्षेत्रमा काम गरेको न्यूनतम दुई वर्षको अनुभव पेस गर्नुपर्नेछ । विभागले जापानमा प्रशिक्षार्थी श्रमिक पठाउन स्वीकृति प्राप्त संस्थालाई अधिकतम ५० हजार रूपैयाँसम्म प्रवर्द्धन शुल्क लिन पाउने व्यवस्था गरेको छ।

जिटको जापानमा प्राविधिक इन्टर्न तालिमसम्बन्धी जागिरका लागि आवेदन दिने विदेशी श्रमिकहरूलाई मध्यस्थता गर्ने संस्था हो। प्राविधिक प्रशिक्षार्थी श्रमिकलाई जापान भित्र्याउन महत्त्वपूर्ण भूमिका खेलेको जिटकोले नेपालसहित भारत, चीन, पाकिस्तान, श्रीलंका, फिलिपिन्स, म्यानमार, भियतनामलगायत १६ मुलुकबाट प्रशिक्षार्थी कामदार लैजाने गरेको छ।

## बाँकेका स्थानीय तहबाटै श्रम स्वीकृति

**नेपालगञ्ज–** वैदेशिक रोजगारीमा जान चाहनेलाई बाँकेका आठ स्थानीय तहमध्ये अधिकांश स्थानीय तहले श्रम स्वीकृति दिन थालेका छन् । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको परिपत्रअनुसार जिल्लाको नेपालगञ्ज उपमहानगरपालिका, जानकी गाउँपालिका, वैजनाथ गाउँपालिका, नरैनापुर गाउँपालिकालगायतले श्रम स्वीकृति दिएको स्थानीय तहले जनाएका छन् ।

नेपालगञ्ज उपमहानगरपालिकाको रोजगार प्रवर्द्धन सेवा केन्द्रले हालसम्म १३ जनाको श्रम स्वीकृति भएको जनाएको छ । उनीहरूले जापान, कतार, साउदी अरब र कुवेत जान श्रम स्वीकृति लिएको नेपालगञ्ज उपमहानगरपालिकाका रोजगार सहायक अनुप बर्मले जानकारी दिए ।

'विदेश जान श्रम स्वीकृति लिनेको संख्या दिनप्रतिदिन बढ्दो क्रममा छ,' उनले भने । बर्माले धेरैलाई यस विषयमा जानकारी नभएकाले काठमाडौं धाउनुपर्ने अवस्था रहेको उल्लेख गर्दै वडावडामा यसको प्रचारप्रसार आवश्यक भएको बताए ।

सेवा केन्द्रमार्फत कल्याणकारी सेवा सञ्चालन भएको जानकारी दिँदै उनले विदेशमा मृत्यु भएकाको शव नेपाल ल्याउनसमेत सहयोग गरिएको बताए । सेवा केन्द्रले गरेको सिफारिसका आधारमा वैदेशिक रोजगारीका क्रममा अंगभंग भएका ११ जना र मृत्यु भएका आठ जनाले वैदेशिक रोजगार बोर्डबाट क्षतिपूर्तिसमेत पाएका छन् ।

त्यस्तै जिल्लाको जानकी गाउँपालिकामा पनि वैदेशिक रोजगारीमा जान चाहनेलाई श्रम (बाँकी पृष्ठ २ मा)

## क्रोएसिया र माल्टा पठाइदिने भन्दै ठगी गर्ने दुई जना पक्राउ

**काठमाडौं (प्रस)–** वैदेशिक रोजगारीका लागि क्रोएसिया र माल्टा पठाइदिने भन्दै विभिन्न व्यक्तिलाई ठगी गरेको आरोपमा दुई जना पक्राउ परेका छन् । क्रोएसिया र माल्टामा आकर्षक तलबसहितको रोजगारी लगाइदिने भन्दै पीडितहरूबाट रकम संकलन गरी फरार रहेको आरोपमा प्रचलन राई र मौसम मग्रातीलाई प्रहरीले पक्राउ गरेको हो ।

उदयपुरको ताप्ली गाउँपालिका स्थायी घर भई हाल ललितपुर नखिपोट बस्ने ३० वर्षीय राईले समरबहादुर परियारलाई क्रोएसिया जान प्रतिव्यक्ति छ लाख रूपैयाँ लाग्ने र त्यहाँ प्रतिष्ठित कम्पनीमा काम लागाइदिने भन्दै पटक-पटक गरी छ लाख रूपैयाँ नै लिएर ठगी गरेको प्रहरीले जनाएको छ । उनले पीडितलाई क्रोएसियामा एक लाख रूपैयाँभन्दा बढी मासिक तलब हुने भनी विश्वास दिलाई पैसा लिएर सम्पर्कविहीन भएको अवस्थामा पक्राउ गरिएको प्रहरीले जनाएको छ । राईलाई खोजतलासका क्रममा नखिपोटबाटै पक्राउ गरिएको प्रहरीले जानकारी दिएको छ ।

त्यस्तै सुनसरीको बराहक्षेत्र नगरपालिका-७ स्थायी घर भई हाल भक्तपुर सुर्यविनायक बस्ने ३१ वर्षीय मग्रातीले टोकमान गुरुङलाई आकर्षक रोजगारीका लागि माल्टा पठाइदिने भन्दै रकम लिएर ठगी गरेको प्रहरीले जनाएको छ। उनले कति रकम लिएको भन्ने खुल्न बाँकी छ । पीडितलाई विश्वास दिलाई प्रलोभनमा पारी रकम संकलन गरी सम्पर्कविहीन रहेका मग्रातीलाई काँडाघारीबाट पक्राउ गरिएको प्रहरीले जनाएको छ ।

उनीहरू दुवै जनालाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयबाट खटिएको विशेष प्रहरी टोलीले पक्राउ गरेको हो। पीडितबाट पटक-पटक गरी रकम लिएर सम्पर्कविहीन भएको उजुरीका आधारमा वैदेशिक रोजगार विभाग काठमाडौंले पक्राउ गरी उपस्थित गराइदिन प्रहरीलाई पत्राचार गरेको थियो । सोही आधारमा पक्राउ परेका उनीहरूलाई थप अनुसन्धान तथा कारबाहीका लागि विभागमा बुझाइएको प्रहरी उपरीक्षक रविन्द्र रेग्मीले जानकारी दिए ।




# फरक डिजाइनमा बन्दै छ चक्रपथको दोस्रो खण्ड

**काठमाडौं–** चक्रपथ बिस्तारअन्तर्गत दोस्रो चरणमा निर्माण हुने भनिएको कलंकी-बसुन्धारा सडकखण्ड पहिलेको तुलनामा फरक डिजाइनमा निर्माण हुने भएको छ। चक्रपथ बिस्तारको पहिलो चरणमा निर्माण भएको कोटेश्वर-कलंकी खण्डमा भएको लेन, पानी जाने व्यवस्था मिलाउने ड्रेन, डिभाइडर, अण्डरपास र ओभरपासको संख्यालगायत फरक किसिमको हुने सडक विभागको भनाइ छ।

सडक विभाग, विकास सहायता समन्वय महाशाखाका प्रमुख डा. विजय जैसीका अनुसार पहिले मुख्य सडकको बीचमा डिभाइडर नभएकामा अहिले बीचमा डिभाइडर राख्न लागिएको छ। पहिलो खण्डमा मुख्य लेन र सहायक लेनको बीचमा मात्रै डिभाइडर रहेको थियो। उनले भने, 'मुख्य सडकको बीचमा हुने डिभाइडरले नै दुवैतर्फको सडक छुट्ट्याउनेछ।'

पहिले बीचको चार लेनमध्ये दुई लेनबाट आउने, दुई लेनबाट जाने छेउछेउको लेनबाट पनि एकातर्फबाट आउने अर्कोतर्फबाट जाने थियो। यो खण्डमा मुख्य लेन र सहायक लेनभन्दा पनि मुख्य सडकको बीचबाट दुईतर्फको लेन छुट्टिनेछ। सडकमा पानी जम्न नदिनका लागि विशेष खालको लामो ड्रेन राख्न लागिएको प्रमुख डा. जैसीले बताए। चक्रपथको पहिलो खण्डमा ठाउँठाउँमा पानी जम्ने समस्या भएकामा त्यो समाधान गर्न लागिएको विभागले जनाएको छ।

विभागले दुई-तीन ठाउँका चोकमा 'अण्डरपास' र 'ओभरपास' लगायत संरचना निर्माणका लागि पहल गरेको छ। चोकमा हुने सडकको चाप व्यवस्थापन गर्न यी संरचनाका लागि अनुरोध गरिएको उनले बताए। प्रमुख डा. जैसीले भने, 'त्यो अनुरोध उनीहरूले मौखिकरूपमा स्वीकार गरेका छन्। के हुन्छ भन्ने विस्तृत डिजाइन आएपछि थाहा हुन्छ।'

सन् २०१८ मा ऋण स्वीकार गर्दा नै एउटा खाका बनेको थियो। त्यो बेला अण्डरपास निर्माण गर्ने कुरा उल्लेख थिएन। पहिले नभएको नक्सा परिवर्तन गर्न गाह्रो हुने उल्लेख गर्दै उनले भने, 'भौतिक पूर्वाधारमन्त्री आफैंले पनि कोसिस गर्ने भन्नुभएको छ।'

चक्रपथको पहिलो खण्डमा चिनियाँ कम्पनीले तीन वटा मात्रै आकाशे पुल बनाएको थियो। त्यो मात्रै पर्याप्त नभएकाले सरकार आफैंले थप छ स्थानमा आकाशे पुल निर्माण गरेको थियो। यो खण्डमा भने यात्रुले सडक पार गर्न के बनाउने भनी अध्ययन गरेर तय गरिने चिनियाँ पक्षको योजना रहेको प्रमुख डा. जैसीले जानकारी दिए। उनले भने, 'ट्राफिक सर्वेक्षणअनुसार कहाँबाट मानिस हिँड्छन् भन्ने हेरेर गरिनेछ।'

पहिलो चरणको सडक हस्तान्तरण हुनु पहिले नै चिनियाँ पक्षले कलंकीदेखि अगाडिसम्मको सडक निर्माण गर्न इच्छा देखाएको थियो। सडक निर्माणका क्रममा काम गर्ने स्थान खाली गरिदिनुपर्ने भए पनि निर्माणका क्रममा विभिन्न अवरोध आएकाले निर्धारित समयभन्दा केही ढिला सम्पन्न भएको थियो।

पाइपलाइन, विद्युत्का खम्बा, सडक छेउका घरटहरा, सडकमा बिच्छ्याइएका मेलम्ची र काठमाडौं उपत्यका खानेपानी लिमिटेडका पाइप समय-समयमा फुट्दा काममा ढिलाइ भइरहेको थियो। चिनियाँ पक्षले सडक हस्तान्तरण गर्दासमेत नेपाल सरकारले निर्माण गर्ने भनिएको छेउको लेनमा घरटहरा हट्न सकेको थिएन। सोही अनुभवका आधारमा अहिले पहिले नै निर्माणस्थल खाली गरेरमात्रै निर्माण सुरु गरिएको विभागले बताउँदै आएको छ।

कोटेश्वर-कलंकी सडकमा मुख्य लेन, सहायक र सर्भिस गरेर तीन किसिमका लेन छन्। चिनियाँ सरकारले आठ लेन सडक निर्माण गरेको थियो। सरकारले मुख्य सडकभन्दा बाहिरपट्टी दुवैतर्फ सर्भिस ट्र्याक निर्माण गर्दा यो सडक १० लेनको बनेको थियो। चक्रपथको पहिलो खण्ड ललितपुर र काठमाडौं गरी दुवै जिल्लामा परेको थियो। दोस्रो खण्ड भने काठमाडौंमा मात्रै रहेको छ।

चिनियाँ पक्षसँग पहिले चावहिल धोबीखोलासम्म सडक विस्तार गर्ने गरी छलफल भएको थियो। स्वयम्भू, महाराजगञ्जलगायत स्थानमा निर्माणस्थल खाली गराउँदा विभिन्न अवरोध आएपछि कलंकीबाट बसुन्धारासम्म सडक विस्तार गर्न लागिएको हो। *रासस*

## बाँकेका स्थानीय...

पृष्ठ १ बाट जारी

स्वीकृति दिन सुरु गरिएको छ। अहिलेसम्म कुनै सेवाग्राहीले उक्त सुविधा नलिएको जानकी गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत सिंहराज डाँगीले जानकारी दिए।

वैजनाथ गाउँपालिकामा पनि करिब १२ जनाले श्रम स्वीकृति लिएका छन्। प्रमाणीकरण भएका सबैले श्रम स्वीकृति पाएको वैजानाथ गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत धर्मराज न्यौपानेले बताए। राप्ती सोनारी गाउँपालिकामा श्रम स्वीकृतिको प्रक्रिया अघि बढेको तर सफ्टवेयर नभएकाले केही समस्या भएको छ।

'केही दिनमा टुंगो लाग्ला त्यसपछि काम सुरु हुन्छ,' राप्तीसोनारी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत ओमप्रकाश देवकोटाले भने। नरैनापुर गाउँपालिकामा पनि वैदेशिक रोजागारीमा जान चाहनेका लागि श्रम स्वीकृति दिन थालिएको छ। गाउँपालिकाका रोजगार सेवा केन्द्र संयोजक मकबुल अहमद मुकेरीले मन्त्रालयको परिपत्रअनुसार १३ जनाले श्रम स्वीकृतिको लिएको उल्लेख गर्दै श्रम स्वीकृतिका लागि सम्बन्धित व्यक्तिले पासपोर्ट र भिसासम्बन्धी कागजात आवश्यक भएको बताए।

'सम्बन्धित व्यक्तिले ल्याएको कागजातका आधारमा रोजगार केन्द्रले सोसम्बन्धी स्वीकृतिका लागि आवश्यक सहजीकरण गरिदिनेछ,' उनले भने। वैदेशिक रोजगारमा जाने युवायुवतीले यसअघि काठमाडौं गएर यस्तो स्वीकृति लिनुपर्ने बाध्यता रहेकामा अब गाउँघरमै रहेका स्थानीय सरकारमार्फत उक्त सेवा पाउने छन्।

'यसअघि अन्यत्रै गएर यससम्बन्धी स्वीकृति लिनुपर्दा सेवाग्राहीलाई झण्झट हुन्थ्यो। लागत पनि बढी पर्थ्यो तर अब स्थानीय सरकारबाटै सेवा सुरु भएपछि सहज भएको छ,' उनको भनाइ छ। *रासस*

## मुख्यमन्त्री नियुक्ति...

पृष्ठ १ बाट जारी

पूर्णइजलासमा न्यायाधीशत्रय ईश्वरप्रसाद खतिवडा, डा. आनन्दमोहन भट्टराई र तिलप्रसाद श्रेष्ठ थिए। उनीहरूले सरकार गठनका लागि सात दिनको अवधि तोकेका छन्। यससँगै फेरि, संयुक्त सरकार निर्माणको पहलमा गठबन्धन जुटेको छ। तर, सरकार गठन त्यति सहज छैन। किनभने सरकार गठनका लागि संसदीय अंकगणित अनुकूल छैन।

९३ सदस्यीय प्रदेशसभामा अहिलेकै अवस्थामा गठबन्धनले बहुमत पुऱ्याउन सम्भव छैन। प्रदेशसभामा कांग्रेससँग २९, माओवादीसँग १२, एकीकृत समाजवादीसँग ४ र जनता समाजवादी पार्टीसँग एक सांसद अर्थात् ४६ जनामात्रै छ। माओवादीबाट सभामुख बाबुराम गौतम छन्। उनले सरकार निर्माण प्रक्रियामा सहभागी हुन नपाउने व्याख्या सर्वोच्चको छ। यसले गर्दा पनि गठबन्धनको सरकार यही संसदीय अंकगणितले गठन सम्भव छैन।

प्रदेश संसद्को मुख्य दल नेकपा एमाले र राप्रपालाई पनि सरकार गठनमा सहज छैन। यी दुई दलको मत चार दलीय गठबन्धनको समान (४६ जना) छ। सरकार गठन गर्न ४७ मत चाहिन्छ। कांग्रेस र एमाले नेतृत्वको दुवै गठबन्धनले स्पष्ट बहुमत पुऱ्याउने सम्भावना कम देखिएको छ।

संविधानविद् डा. विपीन अधिकारीका अनुसार दुवै गठबन्धनले संविधानको धारा १६८ को (२) अनुसार सरकार गठन गर्न नसके (३) अनुसार गठन गर्नुपर्छ। यो उपधाराको आधारमा भने पूर्वमुख्यमन्त्री कार्की नै मुख्यमन्त्री हुनेछन्। किनभने यहाँ 'प्रदेश प्रमुखले प्रदेशसभामा सबैभन्दा बढी सदस्यहरू भएको संसदीय दलको नेतालाई मुख्यमन्त्री नियुक्त गर्ने प्रावधान छ।

त्यसरी नियुक्त मुख्यमन्त्रीले पनि ३० दिनभित्रमा विश्वासको मत लिनुपर्छ। संसद्मा विश्वासको मत नपाए स्वतः पदमुक्त हुन्छ। यसपछि सोही धाराको उपधारा (५) अनुसार विश्वासको मत पाउनसक्ने जो कोही सदस्य मुख्यमन्त्री हुन सक्छन्। तर, ३० दिनभित्र विश्वासको मत लिनैपर्छ। यदि, नलिएको अवस्थामा उपधारा (७) अनुसार चुनावी सरकार गठन हुन्छ।

तर, यो अवस्थामा नपुऱ्याउने माओवादी केन्द्र कोशी प्रदेश संसदीय दलका नेता इन्द्रबहादुर आङ्बोले बताए।

'हामी तत्काल मध्यावधि निर्वाचनमा जाने पक्षमा छैनौं। किनभने निर्वाचन भएको धेरै भएको छैन,' उनले भने, 'हुँदै नभए मिलिजुली सरकार पनि गठन गर्न सक्छौं।' आङ्बो गठबन्धनबाट अहिले पनि मुख्यमन्त्री बन्न चाहन्छन्। तर, थापालाई केन्द्रीय गठबन्धनले मुख्यमन्त्रीको रूपमा अघि सार्‍यो र मुख्यमन्त्री भइछाडे। यसपटक पनि कांग्रेसले मुख्यमन्त्री चाहेको छ।

### के छ प्रतिक्रिया ?

मुख्यमन्त्रीबाट स्वतः पदमुक्त भएका थापाले सर्वोच्चको फैसला विमति जनाउनुपर्ने नभएको बताएका छन्। उनले गठबन्धन फेरि सरकार बनाउने प्रयासमा जुट्ने पनि बताए।

'सर्वोच्चको आदेशलाई मैले मान्नुपर्छ। सर्वोच्चले जे आदेश दिएको छ, त्यो मेरा लागि स्वीकार्य छ। मेरो त्यसमा कुनै विमति छैन। यो आदेशलाई स्वीकार गरेर हिँड्नुको विकल्प पनि छैन,' थापाको भनाइ छ।

थापालाई मुख्यमन्त्री नियुक्त नगर्न माग गर्ने पूर्वमुख्यमन्त्री हिक्मतकुमार कार्कीले सर्वोच्चप्रति धन्यवाद ज्ञापन गरेका छन्। उनले सरकार गठनको क्रममा संविधान मिचिएको अवस्थालाई सर्वोच्चले सच्याएको बताए। प्रदेश सभामुख बाबुराम गौतमले पनि अदालतले आफूलाई सच्याएको टिप्पणी गरे।

## सभापतिमा भिड्न...

पृष्ठ १ बाट जारी

र विमलेन्द्रको पछिल्लो कार्यक्रमलाई यही कोणबाट हेरिएको हो। देउवा अहिले संस्थापन पक्षका नेता हुन्।

केन्द्रीय समितिका ८२ प्रतिशत सदस्यहरू देउवाको पकडमा छन्। अझ अहिले संस्थापनइतरका नेता डा. शशांक कोइरालासमेत उनीविरुद्ध बोलेका छैनन्। पछिल्लो केन्द्रीय समितिबाट देउवा झनै शक्तिशाली देखिएका छन्। यस्तो बलियो देउवाका उत्तराधिकारी भने कोही नभएको संस्थापनभित्रै चर्चा छ। यसैले पनि शशांक र निधिले आफ्नो पक्षमा माहोल बनाउन चियापान र रात्रिभोज आयोजना गरेको कार्यक्रममा सहभागी नेताहरू बताउँछन्।

निधि १४औं महाधिवेशनमा सभापतिका उम्मेदवार थिए। उनकै कारण देउवाले पहिलो चरणमा निर्वाचन जित्न सकेनन्। मतदान दोस्रो चरणमा धकेलियो। देउवाले निधिको साथ मागे। निधिले देउवालाई सघाए। प्रकाशमानसहितको सहयोगमा देउवा ६० प्रतिशत मतसहित दोस्रो कार्यकालका लागि सभापतिमा चुनिए। यस्तैगरी महाविधेशनमा बिपी पुत्र शशांककोसमेत साथ थियो देउवालाई। १३औं महाधिवेशनमा पौडेल गुटबाट महामन्त्री बनेका शशांकले देउवाकै कारण अपजसको भारी बोके। पार्टी सबैभन्दा कमजोर भएको बेला पटकपटक सभापतिबाट देउवाको राजीनामा माग्दा शशांक मौन बसेका थिए। उनै शशांक १४औं महाधिवेशनमा सभापतिका दाबेदार थिए। तर, देउवाले थुम्थुमाएपछि उनले केन्द्रीय सदस्यमै चित्त बुझाए। शशांक १५औं महाधिवेशनमा जसरी पनि सभापतिको उम्मेदवार बन्ने दाउमा छन्।

यही मेसोमा डा. शेखरसमेत देउवाको नजिक बन्ने कोसिसमा छन्। १५औं महाधिवेशनमा जसरी पनि सभापति बन्ने दाउमा रहेका शेखर आफ्नै गुटका महामन्त्री गगन थापासँग टाढिइसकेका छन्। थापा १५औं महाधिवेशनमा जसरी पनि सभापतिको उम्मेदवार बन्ने दाउमा लागेका छन्।

### केन्द्रीय समितिमा जंगिएका देउवाको कार्यक्रममा भने ठट्टा

बुधबार केन्द्रीय समितिको निर्णय सुनाउने क्रममा कड्किएका थिए देउवा। पार्टीमा थप संशोधनका विषय उठाउँदै थिए केन्द्रीय सदस्यहरूले। त्यहीबेला परराष्ट्रमन्त्रीसमेत रहेका एनपी साउदको नाम लिँदै कड्किए देउवा। 'मलाई भन न के हो त्यो। ल्याऊ यहाँ। मलाई ल्याऊ। शेरबहादुर भन्ने मान्छे थाहा छ कि छैन। शेरबहादुर भन्ने मान्छे चिन्या छ ? ल्याऊ न भन्या प्रस्ताव,' अर्थमन्त्री प्रकाशशरण महतसँग फाइल माग्दै कड्किएका थिए देउवा।

उनै देउवाले रात्रिभोजमा ठटचाउली गर्न भ्याए। बिहीबार डिनर सुरु भइसकेको थिएन। देउवालाई मञ्चमा बोल्न अनुरोध गरे निधिले। यही मौका छोपेर व्यंग्य कस्न भ्याए देउवाले, 'खाना खाएपछि धन्यवाद दिउँला भनेको, खान कस्तो छ थाहै छैन।' यति भन्दै देउवाले निधिलाई धन्यवाद दिए।

मंगलबारमात्र डा. शशांकले लैनचौरमा आयोजना गरेको चियापानमा देउवाले चियामात्र खुवाएर अरु केही नखुवाएको भन्दै व्यंग्य गरेका थिए। 'चियामात्र खुवाउनुभयो, अरु केही खुवाउनुभएन, त्यसका लागि शशांकजीलाई धन्यवाद,' देउवाले व्यंग्य कसेका थिए।


नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०६८/०८/०७ मा दर्ता भएको **प्रा.लि. नं. ८८०४०** को **साइन्सीया इन्टरनेशनल प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/०४/१० को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७४/०९/०२ मा दर्ता भएको **प्रा.लि. नं. १७९९७०** को **डिजिकल्ट इन्ष्टिच्युट प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/०४/१० को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७१/०४/०५ मा दर्ता भएको **प्रा.लि. नं. १२४४५५** को **केयर वेल सेक्युरिटी सर्भिस प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/०४/११ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।



नेपाल सरकार
**रक्षा मन्त्रालय**
सिंहदरबार, काठमाडौं, नेपाल

**सूर्यदल गणको भौतिक पूर्वाधार निर्माण कार्यको लागि वातावरणीय प्रभाव मूल्यांकन (EIA) प्रतिवेदन तयारीको सम्बन्धी सार्वजनिक सूचना**

(**प्रकाशन मिति** : २०८०/०४/१२)

बागमती प्रदेश, ललितपुर जिल्ला, गोदावरी नगरपालिका वडा नं ६, देवीडाँडामा सूर्यदल गणद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| प्रस्ताव | विवरण |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | सूर्यदल गण, गोदावरी नगरपालिका-६, देवीडाँडा, ललितपुर<br>टेलिफोन : ०१-६२२७०१७<br>इमेल : bn-suryadal@nepaliarmy.mil.np |
| प्रस्तावको व्यहोरा | सूर्यदल गणको भौतिक पूर्वाधार निर्माण कार्यको लागि फायरिङ्ग, पार्किङ्ग, वर्कसप, खेलमैदान/परेड मैदान, क्वाटरगार्ड, सैनिक आवास, केन्द्रीय सहभोजनालय, पौडी पोखरी, मनोरञ्जन हल, बाधापार इलाका, पाहुना घर, स्टोर र हेलिप्याड लगायत अन्य विभिन्न संरचनाहरूको निर्माण गर्ने |
| प्रभाव पर्न सक्ने स्थान | बागमती प्रदेश, ललितपुर जिल्ला, गोदावरी नगरपालिका वडा नं. ६ |

माथि उल्लिखित प्रस्तावको वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) प्रतिवेदन तयारी गर्ने क्रममा आयोजना कार्यान्वयनका सिलसिलामा सो क्षेत्रको प्राकृतिक, भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणालीमा के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न गोदावरी नगरपालिका वडा नं.६ का विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र निम्न ठेगानामा आइपुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगाना:**

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | सूर्यदल गण, देवीडाँडा ब्यारेक, गोदावरी-६, ललितपुर<br>इमेल : bn-suryadal@nepaliarmy.mil.np<br>फोन नः ०१-६२२७०१७ |
| परामर्शदाताको नाम र ठेगाना | पारागन इन्जिनियरिङ कन्सल्टेन्सी एण्ड रिसर्च सेन्टर प्रा.लि., ललितपुर महानगरपालिका-१, बखुण्डोल<br>इमेल : info@paragon.com.np<br>फोन नं. ०१-५४३०६०० |



उर्लाबारी नगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
कोशी प्रदेश मोरङ, नेपाल

**उर्लाबारी नगरपालिकाद्वारा जनहितमा जानकारी मुलक सन्देश**

**१. गर्मी एवं वर्षातको समयमा लामखुट्टेबाट सर्ने रोगबाट बचौं।**

औलो(मलेरिया), डेंगी ज्वरो, कालाजार, जापानिज इन्सेफलाइटिस जस्ता संक्रामक रोग लामखुट्टेको टोकाईबाट हुने गर्दछ।

**यसबाट बच्ने उपाय :**



क) झुल लगाएर सुत्ने,
ख) पुरा शरीर ढाक्ने गरी लुगा लगाउने,
ग) शरीरका खुल्ला अंगमा लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाउने,
घ) घरको झ्याल तथा ढोकामा जाली राख्ने,
ङ) घर वरिपरि, बगैंचा र सार्वजनिक स्थानमा पानी जम्न नदिने र खाल्डाखुल्डी पुर्ने,
च) ढल, नाला खुल्ला नराख्ने,
छ) पोखरी, दह तथा नालाहरुमा लामखुट्टेको लार्भा खाने माछा पाल्ने,
ज) सुंगुर, बंगुर, हाँस र घोडाजस्ता पशुपंक्षीहरु व्यवस्थित ढंगले पाल्ने,
झ) मानिस बस्ने घरभन्दा पशुपंक्षीको खोर टाढा राख्ने।

**२) चट्याङको समयमा सतर्क रहौं।**

**चट्याङबाट बच्ने उपाय :**



क) बिजुली चम्केको बेला सतर्क रहने,
ख) विद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो वस्तु नछुने,
ग) बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने,
घ) सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुक्खा ठाउँमा बस्ने,
ङ) खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने,
च) सकभर अग्लो स्थानमा नबस्ने,
छ) धातुका ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने।

**३) गर्मी र वर्षातको समयमा खाना खाँदा ध्यान दिऔं।**

**यसबाट बच्ने उपाय :**

क) बासी र सडेगलेको खानेकुराहरु नखाऔं।
ख) पाकेको खाना मात्र खाऔं।
ग) झिङ्गा र भुसुना भन्किने नदिऔं। खानेकुरा छोपेर राखौं।
घ) खाना पकाएपछि भाँडा राम्ररी सफा गरौं।
ङ) फलफूललाई सफा पानीले धोएर मात्र खाऔं।

# करिब ९०० थान हातहतियार नष्ट



**काठमाडौं (प्रस)**– नेपाल प्रहरीले विभिन्न समयमा बरामद गरिएका करिब ९०० थान अवैध हातहतियार नष्ट गरेको छ । प्रहरी प्रधान कार्यालयका अनुसार विभिन्न मिति र स्थानबाट कानुनबमोजिम जफत भएका, प्राप्त हुन आएका, बरामद भएका वा बेवारिसे अवस्थामा फेला परेका आठ हजार ८९६ थान हातहतियार नष्ट गरिएको हो ।

नष्ट गरिएका हतियारमा भरुवा बन्दुक छ हजार ७४ थान, बाह्र बोर १७७ थान, विभिन्न प्रकारका पेस्तोल एक हजार ७६ थान, म्याग्नम २३२ थान, एयर गन २९ थान, सर्ट गन २२९ थान, थ्रीनटथ्री राइफल ६२६ थान, रिभल्भर ३३४ थान, ग्यास गन १० थान, हर्नेट २५ थान र नाम नखुलेका ८४ थान रहेका छन् ।

'प्रहरी प्रधान कार्यालय कार्य विभागका प्रहरी अतिरिक्त महानिरीक्षकसमेतका प्रतिनिधिहरू, गृह मन्त्रालय, जिल्ला प्रशासन कार्यालय काठमाडौं, कोष तथा लेखा नियन्त्रण कार्यालय लैनचौर एवं स्थानीय प्रतिनिधि र बूढानीलकण्ठ नगरपालिका-११ का वडाअध्यक्ष लगायतको रोहबरमा काठमाडौं महानगरपालिका-११ स्थित नेपाल प्रहरी केन्द्रीय विशेष कार्यदल कपन परिसरमा हातहतियार, खरखजाना एवं विष्फोटक पदार्थ व्यवस्थापन निर्देशिका, २०६९ को दफा ८(३) बमोजिम नष्ट गरिएको तथा फलामलाई पत्रु बनाई कानुनबमोजिम व्यवस्थापन एवं संरक्षणका लागि उक्त कार्यदलको जिम्मा लगाइएको छ,' प्रहरी प्रधान कार्यालयद्वारा जारी विज्ञप्तिमा उल्लेख छ ।

उक्त हातहतियार दीर्घकालीन व्यवस्थापन गर्नका लागि हातहतियार, खरखजाना एवं विष्फोटक पदार्थ व्यवस्थापन निर्देशिका, २०६९ को दफा ५ बमोजिम गृह मन्त्रालय, शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखाको २०८० जेठ १७ गतेको पत्रअनुसार नेपाल प्रहरी प्रधान कार्यालय कार्य विभागका प्रहरी अतिरिक्त महानिरीक्षक मिरा चौधरीको अध्यक्षतामा गठित प्राविधिक टोलीले जेठ २३ र असार २६ गतेको बैठकमा कानुनी प्रक्रियाअनुसार नष्ट गर्न सिफारिस गर्ने निर्णय गरेको थियो ।

# राष्ट्रपतिको उपचार खर्च बेहोर्ने निर्णयविरुद्धको रिट दर्ता गर्न आदेश

**काठमाडौं (प्रस)**– सर्वोच्च अदालतले राष्ट्रपति रामचन्द्र पौडेललाई भारतमा गराएको उपचार खर्च दिने सरकारको निर्णयविरुद्ध परेको रिट निवेदन दर्ता गर्न बिहीबार आदेश दिएको छ । न्यायाधीश हरिप्रसाद फुयालको इजलासले अधिवक्ता विष्णुकुमार गिरीले पेस गरेको रिट निवेदन दर्ता गर्न आदेश दिएको हो ।

अधिवक्ता गिरीले राष्ट्रपति पौडेलको उपचार खर्च बेहोर्ने भनी गरेको निर्णय उत्प्रेषणको आदेशले बदर गरी पौडेललाई नै उक्त खर्चको भुक्तानी गर्न परमादेश माग गर्दै गत असार २४ गते सर्वोच्चमा रिट निवेदन पेस गरेका थिए । सर्वोच्च प्रशासनले १३ दिनसम्म दर्ता गर्न आनाकानी गरेको थियो । अन्ततः सर्वोच्च अदालतकी रजिष्ट्रार निर्मला पौडेलले राष्ट्रपति पौडेलको उपचार खर्च बेहोर्ने निर्णय सरकारको नितान्त नीतिगत विषय र कार्यपालिकाको क्षेत्राधिकारको विषय भएकाले कसलाई उपचार खर्च दिने/नदिने भनी न्यायालयबाट निर्क्योल हुने विषय नभएको दाबी गर्दै निवेदन दरपीठ गरेकी थिइन् । रजिष्ट्रार पौडेलको आदेश खारेजीको माग गर्दै अधिवक्ता गिरीले इजलाससमक्ष निवेदन दिएका थिए । निवेदकको तर्फबाट अधिवक्ता लीलानाथ घिमिरे र निवेदक स्वयं अधिवक्ता गिरीले बहस गरेका थिए । सर्वोच्चले निवेदनको विषय रजिष्ट्रारको तहबाट निरूपण हुने विषय नभएको ठहर गरेको छ ।

राष्ट्रपति पौडेल छातीको समस्याको उपचारका लागि गत वैशाख ६ गते एयर एम्बुलेन्समार्फत दिल्लीस्थित अल इण्डिया इन्स्टिच्युट अफ मेडिकल साइन्सेस (एम्स) मा उपचार गराउन गएका थिए । उनी वैशाख १७ गते उपचार गराएर फर्केका थिए । मन्त्रिपरिषद्को बैठकले राष्ट्रपति पौडेलको उपचारमा लागेको ५५ लाख रूपैयाँ सरकारले बेहोर्ने निर्णय गरेको भन्दै परराष्ट्र मन्त्रालयले असार १५ गते अर्थ मन्त्रालयसँग उपचार खर्च निकासा मागेको थियो ।

# लम्पी स्किनलाई महामारी घोषणा गर्न माग

**काठमाडौं (प्रस)**– राष्ट्रिय किसान सञ्जालले मुलुकभर पशुमा देखिएको 'लम्पी स्किन' रोगलाई महामारी घोषणा गर्न माग गरेको छ । साथै रोगको शीघ्र नियन्त्रण, पशुवस्तुमा क्षति पुगेका किसानलाई राहत, क्षतिपूर्ति र बिमाको भुक्तानी दिन पनि सञ्जालले माग गरेको छ ।

सञ्जालले बिहीबार पत्रकार सममेलन गरी उक्त माग पूरा नभए किसानले चक्काजामलगायतका विरोधका कार्यक्रम गर्ने जनाएको छ । सञ्जालका संयोजक एवं नेपाली कांग्रेसनिकट नेपाल किसान महासंघका सभापति गणेशचन्द्र तिमिल्सिनाले लम्की स्किनका कारण देशभरका किसान मारमा परेको बताए ।

नेकपा एमालेनिकट अखिल नेपाल किसान महासंघका अध्यक्ष डा. प्रेम दंगालले हालसम्म उक्त रोगका कारण ५० हजार पशु मरिसकेका र करिब ४० अर्ब रूपैयाँको क्षति भइसकेको जनाउँदै नियन्त्रण नभएमा एक अर्ब रूपैयाँसम्म क्षति हुनसक्ने बताए ।

सञ्जालले कालीमाटी फलफूल तथा तरकारी बजार विकास समितिका 'स्टल'लाई प्रक्रियाबमोजिम प्रतिस्पर्धाका माध्यमबाट भाडामा लगाउन पनि माग गरेको छ ।


## माइग्रेसन सर्टिफिकेट हरायो

मिति २०७९/०४/०१ गते भक्तपुर देखि गोल्फुटार घर फर्कने क्रममा मेरा ब्यागमा भएको माइग्रेसन सर्टिफिकेट हराएकोले फेला पार्नुहुने महानुभावले निम्न फोन नं. वा नजिकको प्रहरी कार्यालयमा बुझाई दिनुहुन विनम्र अनुरोध गर्दछु ।

नामः राजु राउत
सम्पर्क नं.: ९८२९७३५९०५
रजि. नं.: ७६२७२५१२२
सेम्बोल नं.: २२७०६३१८

## प्रभु स्टील्स एण्ड हाईड्रो इक्युपमेन्ट इण्डस्ट्रिज लिमिटेड

PRABHU

वीरगंज महानगरपालिका वडा नं. ३२ पर्सा, को

**शेयरमा हकदावी सम्बन्धी ३५ दिने सूचना**

प्रकाशित मिति : श्रावण १२, २०८०

यस कम्पनीको संस्थापक शेयरधनीज्यूहरुले कम्पनीको जगेडामा रहेको शेयर थप लिने भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र कम्पनीको कुमारी बैंक लि. तिनकुने शाखाको खाता नं.२३५०२६८६९९१००००१ मा प्रति शेयर कम्पनी व्यवस्थापन शुल्क रु.१५/- थप गरि आफुले लिन चाहेको शेयर वापतको रकम दाखिला गर्न अनुरोध गरिएको छ । सो समय भित्र रकम जम्मा गरि दावि नगर्नु भएमा कम्पनीले अन्य लगानीकर्तालाई जगेडामा रहेको शेयर हस्तान्तरण गरि कम्पनीको शेयर लगत बन्द गर्ने व्यहोरा सम्पूर्ण हाल सम्म कायम हुनु भएका शेयरधनीज्यूहरुको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

कम्पनी सचिव
प्रभु स्टील्स एण्ड हाईड्रो इक्युपमेन्ट इण्डस्ट्रिज् लिमिटेड
प्रधान कार्यालयः वीरगंज म.न.पा.वडा नं.३२, पर्सा, नेपाल ।
शाखा कार्यालयः का.म.न.पा. वडा नं.३२, तिनकुने, काठमाडौं ।
फोन नं. ०१-५९१३७२८/५९१३७२९
Website : www.prabhusteel.com

## नाम परिवर्तन सम्बन्धी सार्वजनीक सूचना

प्रथम प्रटक प्रकाशित मिति २०८०/०४/१२

यस कम्पनीको मिति २०८०/०४/०३ मा सम्पन्न विशेष साधारण सभाको निर्णयानुसार मुकुमलुङ कन्स्ट्रक्सन प्रा.लि. को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्नु व्यहोर्नु पर्ने सम्पूर्ण कर, दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरि श्री कम्पनी रजिस्ट्रारको कार्यालयको मिति २०८०/०३/०७ को निर्णयानुसार मुकुमलुङ कन्स्ट्रक्सन प्रा.लि.को नाम परिवर्तन गरि मुकुमलुङ कन्स्ट्रक्सन एण्ड सप्लार्यस प्रा.लि. कायम गरिएको सम्बन्धीत सबैमा जानकारी गराउदछौं ।

प्रधान कार्यालय
मुकुमलुङ कन्स्ट्रक्सन एण्ड सप्लार्यस प्रा.लि.
फालुनन्द, पाँचथर

## कम्पनी उद्योग दर्ता खारेजी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम दर्ता भएको प्रा लि नं. १५०८३/२०५७।११।२३ को गल्फ स्प्रिङ्ग ओभरसिज सर्भिसेज प्रा लि को मिति २०८०।०३।३१ गतेमा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेसनमा लैजाने निर्णय गरेकोले यस कम्पनी संग कोही कसैलाई कुनै किसिमको लेनदेन वांकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र निम्न लिखित लिक्विडेटरको कार्यालयमा सर्म्पक गरी हक दावी गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागी यो सूचना जारी गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको खारेजीको प्रकृया अगाडी बडाइ दर्ता खारेजी गरिने छ ।

लिक्वीडेटर हिम लाल गिरी — इजाजत पत्र नम्बर ५३०
ठेगाना : काठमाडौं का.म.न.पा. १६ म्हेपी — फोन नम्बर ९८५१०७८४९९

## मैत्री मंगलम अर्गानिक कृषि फार्म प्रा.लि. को प्रवन्ध पत्र मागिएको संसोधन

तेस्रोपटक प्रकाशित मितिः २०८०/०४/१२

दफा १. कम्पनीको नामः "मैत्री मंगलम अर्गानिक कृषि फार्म प्रा.लि." हुनेछ । यसलाई अंग्रेजीमा " Maitri Mangalam Organic Krishi Farm Pvt. Ltd " भनिनेछ ।

## सरद बस्नेतको पासपोर्ट सम्बन्धमा सूचना

गुल्मी, पिपलधारा-९ निवासी **सरद बस्नेत**ले आफ्नो ०९७१२६९६ नम्बरको पासपोर्ट वैदेशिक रोजगारीमा जाने प्रक्रियाका लागि यस जि. आर. इन्टरनेसनल इम्प्लोयमेन्ट प्रा.लि., सामाखुशीमा मिति २०८०/०३/२० युएईको Blue Ribbon Company को अन्तरवार्ता हुँदा इन्ट्री गराएर पासपोर्ट आउट गरी स्वयंले लगिसकेको भए पनि निजले आफ्नो पासपोर्ट यस प्रा.लि. मै रहेको भनी दाबी गरिरहेको कारण सरद बस्नेतको पासपोर्ट (नं.०९७१२६९६) नेपालभित्रका कुनै पनि म्यानपावर कम्पनीमा बुझाएको भए सोको सूचना उपलब्ध गराइ सहयोग दिनुहुन अनुरोध गर्दछौं । साथै, उक्त सूचना उपलब्ध गराउने व्यक्ति तथा म्यानपावर कम्पनीको नाम गोप्य राखिने र सूचना उपलब्ध गराउने व्यक्तिलाई रू. ५,००० देखि रू. १०,००० सम्म पुरस्कार दिइने पनि यसै सूचनामार्फत जानकारी गराउँदछौं ।

G.R. INTERNATIONAL EMPLOYMENT PVT. LTD.
Samakhusi-29, Kathmandu,BAGMATI Tel : +977-1-4989947
Mobile No: 9841866145, E-mail: gremploymentnepal@gmail.com

## Zero Cost Recruitment in Malaysia
## मलेसियामा शुन्य लागतको रोजगार

यो मागपत्र शुन्य मिति अर्न्तगत छ । म्यानपावरमा लाग्ने सेवा शुल्क सहित सबै खर्चहरु (राहदानी रु ५००० (नँया राहदानी मात्र), मेडिकल रु ८६६४, भिषा शुल्क रु. ७०६४, यातायात खर्च रु. ७५० (अर्न्तवार्ताको समयमा दुई तर्फि र प्रस्थान अघि एक तर्फि), खाना र बस्न खर्च दिनको रु. ४५० (अर्न्तवार्ताको समयमा २ दिन र प्रस्थान अघि ४ दिन), अभिमुखिकरण रु. ७००, बिमा रु. ३७०८, कल्याणकारी कोष रु. १५००, फोटो २००, हवाई टिकट, (रोजगारदाताले बहन गर्दछ । This Recruitment Is Conducted Under A Zero-Cost Policy. All This Expenses (Passport 5000 (New Passport Only) Medical 8664, Visa 7064, Transport 750 (During The Interview Two Way And Before Departure One Way) Lodging And Food 450 Per Day (During The Interview 2 Days & Before Departure 4 Days), Orientation 700, Insurance 3708, Wale Fare Fund 1500, Air Ticket,) Including Agency Service Charge Will Be Borne By The Employer.

(NAME OF EMPLOYER): MATTEL (MALAYSIA) SND BHD
रोजगारदाता कम्पनी : माटेल (मलेशिया) एस.डीएन. बीएचडी

| पूर्व स्वीकृति मितिः २०७९/९/२० (Pre Approval Date: 2023-01-4 | पुन स्वीकृति मिति : २०८०/०४/११ Ree Approval Date : 2023-07-27 | चलानी नं.: ६०१९४८८५ (Reference No. 60194885 | LOT No. 278665 | शहरः PINANG |
|---|---|---|---|---|

| सि.नं. | Post for Migrating Worker कामदारको पद | Total No. of Demand (male) माग संख्या पुरुष | Total No. of Demand (Female) माग संख्या महिला | Minimum Requirement न्यूनतम योग्यता | Monthly Basic Salary मासिक तलब RM | Monthly Basic Salary मासिक तलब ने.रु | Overtime Facility ओभरटाइम सुविधा | Working Hour per Day प्रतिदिन काम गर्ने घण्टा | Working Days per Week हप्तामा काम गर्ने दिन | Yearly Leaves वार्षिक विदा | Food Facility खाना सुविधा | Accommodation Facility बस्ने सुविधा | Contract Period करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Production Operator प्रोडक्सन अपरेटर | 2 २ | 0 ० | Proficient in reading, speaking writing understanding in English with +2 pass अंग्रेजीमा राम्रोसँग पढ्न, बोल्न, लेख्न र बुझ्न सक्ने तथा +२ पास गरेको हुनु पर्ने | 1500 १५०० | 43117 ४३११७ | As per Malasian Labour Law मलेशियन श्रम कानुन अनुसार | 8 Hrs ८ घण्टा | 6 Days ६ दिन | As per Company rules क.नि. अनुसार | No छैन | Yes छ | 2 Years २ वर्ष |

| Domestic Medical borne by whom and how much does it cost स्वदेशमा गर्ने मेडिकको शुल्क कसले व्यहोर्ने र कतिलाग्ने | Abroad Medical cost borne by विदेशमा गर्ने मेडिकलको खर्च कसले व्यहोर्ने | Domestic Foreign terminal insurance borne by whom & how much does it cost स्वदेशमा गर्ने म्यादि जीवन विमा कसले व्यहोर्ने र कतिलाग्ने | Insurance Facility on Employment Yes/No and who will borne the premium cost रोजगारमा विमा हुने नहुने र प्रिमियम कसले तिर्ने | Expenses of Air fare will borne by whom and how much does it cost कामदारलाई हवाई टिकट कसले दिने र कतिलाग्ने | Visa fee will borne by भिषा शुल्क कसले व्यहोर्ने | Visa Stamping cost will be borne by भिषा स्ट्याम्पिङ शुल्क कसले व्यहोर्ने | Orientaion cost will borne by and how much अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | Management of Welfare fund कल्याणकारी कोष सम्बन्धि व्यवस्था | Rate of service Charge and who will borne सेवाशुल्क कतिलाग्ने र कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने |

नोट : ट्रष्ट नेपाल ओभरसिज प्रा.लि. को महाराजगंज काठमाण्डौ बाहेक कुनै पनि शाखा कार्यालय वा भर्ति शाखा नभएको जानकारी गराउछौं । यदि कसैले आफु ट्रष्ट नेपाल ओभरसिज प्रा.लि. मध्यस्थकर्ता भएको दाबी गरेमा त्यो पूर्णत झुठो भएको सुचित गराउछौं । यस प्रा.लि. बाट वैदेशिक रोजगारीमा जाने कामदारहरुले कुनै पनि शुल्क तिर्नु पर्ने छैन तथा तपाईले पाउने तलब बाट कुनै पनि शुल्क कटौती गरिने छैन ।

**Note** : Trust Nepal Overseas Pvt Ltd. doesn't have any branches or recruiting branches, We would like to inform you that if anyone claimsto be a mediatorfor Trust Nepal Overseas that's completely false information. Any worker going for foreign employment through this agency are not required to pay any recruitment fees this means all the recruitment process will be free of cost and also ther will be no deduction from te salary.

**Interview Date /Venue : अन्तर्वाताको मिति र स्थान**
अन्तर्वाता ट्रष्ट नेपाल ओभरसिजप्रा.लि.को महाराजगंज काठमाण्डौ अफिस कार्यालयमा २०८०/०४/१९ गते हुनेछ ।
Interview will be held at Trust Nepal Overseas Pvt Ltd Maharajgunj Kathmandu Office Premises Dated 04 August 2023

हामी तपाईलाई हाम्रो कार्यालय परिसरमा राखिएका मागपत्र सँग सम्बन्धित जानकारी मुलुक सामाग्रीहरु जस्तै पर्चा ब्यानर फ्लेक्स आदि पूर्ण रुपमा अध्यन गरी जानकार हुन अनुरोध गर्दछौं ।
We request you to fully study and understand jpt related informative materials such as flyers, banners, flex placed at our office premises.
अन्तर्वातामा सहभागी हुनु हुने उमेदवारहरुले आफ्नो खोपको क्युआर कोड प्रमाणपत्र अनिवार्य रुपमा ल्याउन अनुरोध गर्दछौं ।
Interview attending candidates must bring their QR Vaccination Certificate at the time of interview.

अन्तर्वाता कोभिड १९ को रोकथाम प्रकृया र सामाजिक दुरी कायम गरि आयोजना गरिनेछ ।
The interview shall be conducted by atheringto social distancing guidelines and COVID 19 Protocols.

अन्तर्वातामा सहभागी हुनु हुने उम्मेदवारहरुले अनिवार्य मास्कको प्रयोग गर्नु हुन अनुरोध गर्दछौं । Interview attending Candidates are strictly required to wear a mask during the interview. अवैध व्यक्ति वा भर्तिकर्ताहरु देखि सावधान रहनुहोस । Be aware of the illegal person or recruiter.

ट्रष्ट नेपाल ओभरसिज प्रा.लि. को नाम लिई कुनै व्यक्ति वा संस्थाले कुनैपनि प्रकारको शंकास्पद अवैद क्रियाकलापबाट अनुपयुक्त भर्ति शुल्कको माग गरेमा यस प्रा.लि. को हेल्पलाईन नम्बर ९८०२०२१३६१ वा ईमेल ठेगानामा info@trustnepal.com मा सम्पर्क गरि जानकारी दिनुहुन हार्दिक अनुरोध गर्दछौ । तपाई ढुक्क हुनुहोस हामी तपाइको गोपिनियताको उच्च सम्मान गर्दै यसलाई सुरक्षित राख्ने प्रतिवद्धता व्यक्त गर्दछौं । If any individual or organization tries to demand any recruitment fees by any illegal and suspicious activites with workers by citing Trust Nepal Overseas's name. we request you to contact and report the issues to our helpline number 9802021361 or email us at info@trustnepal.com. Your confidentiality is highly respected and your indentity will be duely protected.

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी (Information provided by the Department of Foreign employment) :-** १. आफ्नो नाममा भिसा प्राप्त भएको सुनिश्चित गर्नुहोस । 1. Confirm that Visa is issued under your name. २. आफु कामगर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । 2. You need to note down the contact details & location of Diplomatic mission of the Country you are going for employment. It will be easy to contact when you get in trouble. ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको सेवा, सुविधा, तलबको बारेमा स्पष्ट हुनुहोस । 3. You have to be clear about the services, facilities and salary mentioned in this advertisement. ४. विदेशजानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । 4. Before going to the abroad you must compulsorily take orientation and induction trainings. ५. विदेश जानु अघि आफु जाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्यशर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रतिआफुसग राख्नुहोला । 5. Before going to the abroad you must go through agreement paper in details regarding, country, company, Facilities and service and terms and condition of company and sign. You should keep its one copy. ६. काममा विदेशजादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । 6. While going abroad you must use International Airport of our country, or else might be deceived. ७. यस विज्ञापन सम्बन्धमा थप कोही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला । 7. If you want know more about this advertisement do contact Department of Foreign Employment, Budhanagar.

Trust Nepal Overseas (P.) Ltd.
दर्ता नं.: DFE/DEG/DFE,Govt Lic.No. 250/058/059
We are an ethical and responsible recruitment agency.

ट्रष्ट नेपाल ओभरसिज प्रा.लि.
Trust Nepal Overseas Pvt. Ltd.
चप्पल कारखानाचोक, महाराजगन्ज, काठमाडौं, नेपाल, Chappalkarkhana, Maharajgunj, Kathmandu, Nepal
फोनः ४३७७१९०/४३७७१९६ फ्याक्स ९७७ १ ४३७९५८८, Hotline No. 9802021361
Ph. No. 4377190/4377196, Fax No. 977 1 4379588, Email: info@trustnepal.com

## धितोमा रहेको सम्पत्ती लिलाम बिक्री गर्ने बारे ७ दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८०/०४/१२ गते शुक्रबार)

यस बैंकका तपशिलमा उल्लेखित ऋणी संस्थाले सिन्धुली शाखाबाट उपभोग गरेको कर्जाको सावाँ, व्याज र हर्जना रकम तिर्न बुझाउनु पर्नेमा हालसम्म नबुझाई कर्जा सम्बन्धी शर्त तथा बन्देजहरु उल्लंघन गरेकाले सो सम्बन्धमा मौखिक तथा लिखित पत्रद्धारा ताकेता गर्दा समेत कर्जा नतिरेको, नबुझाएको हुँदा मिति २०७९/०४/१८ गते अन्नपुर्ण पोष्टमा कर्जा चुक्ता गर्नको लागि ३५ (पैतिस) दिने सार्वजनिक सुचना प्रकाशित गरिएको, मिति २०७९/०५/३१ गते आर्थिक राष्ट्रिय दैनिकमा धितो लिलाम बिक्री सम्वन्धि ३५ दिने सूचना, मिति २०७९/०८/१४ गते कारोबार दैनिकमा धितो लिलाम बिक्री सम्वन्धि १५ दिने सूचना, मिति २०७९/१०/०२ गते आर्थिक दैनिकमा धितो लिलाम बिक्री सम्वन्धि ७ दिने सूचना र मिति २०७९/१०/११ गते नयाँ पत्रिका दैनिकमा धितो लिलाम बिक्री सम्वन्धि पुनः ७ दिने सूचना प्रकाशित गर्दा समेत संस्थाले कर्जा चुक्ता नगरेको कारण तपशिलमा उल्लेखित धितो सुरक्षण सम्पत्ति लिलाम बिक्रि गरी यस बैंकको सम्पूर्ण लेना रकम असुल उपर गरी लिनको लागि ऋणको सुरक्षण वापत लेखाई दिएको धितो लिलाम बिक्रि गर्न अन्तिम पटक ७ (सात) दिने धितो लिलाम सम्वन्धि सूचना प्रकाशित गरिएको छ । अत उल्लेखित म्यादभित्र तपशिलमा उल्लेखित लिलाम बिक्री हुने धितो सुरक्षण सम्पति गोप्य शिलवन्दी बोलपत्रद्धारा खरिद गरी लिन इच्छुक संघ, संस्था, फर्म, कम्पनी तथा सर्वसाधारण महानुभावहरुले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र आफुले कवोल गरेको रकम सहितको गोप्य शिलवन्दी बोलपत्र पेश गर्नहुन आव्हान गरिन्छ । लिलाम बिक्री गर्दा उल्लेखित धितो सुरक्षण सम्पति कसैले नसकारेमा वा रितपूर्वक बोलपत्र नपरेमा बैक तथा वित्तीय संस्था सम्वन्धि ऐन, सहकारी ऐन २०७४ तथा प्रचलित कानुन बमोजिम धितो सुरक्षण सम्पति बैंक आफैले सकार गरी लिने व्यहोरा समेत सम्वन्धित सबैलाई जानकारी गराईन्छ । धितो लेखि दिएको सम्पति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दा साविकमा बैंकबाट भएको मुल्याङकन भन्दा कम मुल्यमा बिक्री भयो वा मेरो/हाम्रो सम्पतिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कही कतै उजुर वाजुर गर्न पाइने छैन । साथै सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्रीबाट पनि यस बैंकको सम्पूर्ण लेना रकम असूल उपर नभएमा सम्वन्धित ऋणी संस्थाको संचालक तथा जमानीकर्ताहरुको अन्य चल अचल जायजेथा सम्पतिबाट समेत असुल उपर गरी लिने र ऋणी, संस्थाका संचालक तथा जमानीकर्तालाई बैक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०७३ बमोजिम कालो सूचीमा समावेश गरिने व्यहोरा समेत सम्बन्धित सबैलाई सूचित गराईन्छ ।

**तपशिल**

**सहकारी संस्थाको नाम : श्री शिखर बचत तथा ऋण सहकारी संस्था लिमिटेड ।**
**रजिष्टर्ड ठेगाना : महेन्दझ्याडी-२ सिन्धुली ।**

**धितो राखिएको सम्पति र सुरक्षणधनीको विवरण :**

श्री बखत बहादुरको नाति श्री खुकेको छोरा सिन्धुली जिल्ला महेन्द्रझ्याडी गा.वि.स. वडा नं. ४ बस्ने श्री सन्तराम राई को नाममा मालपोत कार्यालय सिन्धुलीमा दर्ता श्रेस्ता कायम रहेको सिन्धुली जिल्ला महेन्द्रझ्याडी गा.वि.स. वडा नं. ३ग को कित्ता नं ८, १० को क्षेत्रफल ०-८-१-२, ०-४-१३-३ जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।

**लिलाम बिक्रिको शर्त तथा बन्देजहरुः**

१. बोलपत्र फारम रु ५००/- (पाँच सय) शुल्क बुझाई बैंकको शाखा कार्यालय सिन्धुली र केन्द्रिय कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।
२. प्राप्त बोलपत्रहरु सुचना प्रकाशित भएको मितिले ८ औ दिन दिउँसो ३:०० बजे खोलिने छ । सो दिन सार्वजनिक विदा परेमा सोको भोलि पल्ट उल्लेखित समयमा खोलिने छ ।
३. धितो लिलाम सम्वन्धि शर्तहरु बोलपत्र फारममा र मिति २०७९/०५/३१ गतको आर्थिक राष्ट्रिय दैनिकमा प्रकाशित सूचनामा उल्लेख भए बमोजिम हुनेछ । साथै फारममा उल्लेख भएका बोलपत्र सम्वन्धि शर्तहरु यसै सूचनाका अभिन्न अंग हुनेछन् ।

National राष्ट्रिय सहकारी बैंक लिमिटेड
Co-operative Bank Limited (NCBL)
केन्द्रीय कार्यालयः पुल्चोक, ललितपुर, फोनः ०१-५९८०१८२, Web: www.ncbl.coop

## फ्रि भिसा, फ्रि टिकट मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : RADAR SECURITY SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०८/०६ पुन विज्ञापन स्वीकृति मिति २०८०/०४/११ LT. No. 275834 चलानी नं. ६०१९१७३७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 50 | 0 | 1500 | ४३,११५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० साउन १९ गते (4th Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः निःशुल्क/-**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

trust INTL OVERSEAS Lic. No. 1521/074-075
TRUST INTERNATIONAL OVERSEAS PVT. LTD. Govt. License 1521/074/075
Sanepa-2, Lalitpur, Nepal. Tel :+977-1-5915798, 5915799
E-mail : trustinternational4415@gmail.com, website:www.trustintloverseas.com

## Sakaro Farmented Baverage Pvt.Ltd.
Kathmandu

**Price List**

Effective From 2080/04/12 — VAT No.: 302733596

| Item | Size | N.D. Price | N.D. Margin | R.D. Price | R.D. Margin | Dealer Price | Dealer Margin | W/S Price | W/S Margin | Retail Price | MRP/ btl. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| Nesy<br>Grapple Red wine<br>Grapple White wine | 12*750ml | 6342 | 444 | 6786 | 1299 | 8085 | 485 | 8570 | 430 | 9000 | 825.00 |
| Nesy<br>Classic Premium Red Sweet Wine<br>Classic Premium White Sweet Wine | 12*750ml | 6726 | 471 | 7197 | 1378 | 8575 | 515 | 9090 | 455 | 9545 | 875.00 |
| Nesy<br>Nettlange white Wine | 12*750ml | 7495 | 525 | 8020 | 1536 | 9556 | 574 | 10130 | 506 | 10636 | 975.00 |
| Nesy<br>Seabuckthorn white Wine | 12*750ml | 8457 | 592 | 9049 | 1734 | 10783 | 647 | 11430 | 570 | 12000 | 1100.00 |
| Nesy<br>Box Wine Red/White | 4*4ltr | 9785 | 585 | 10370 | 1026 | 11396 | 684 | 12080 | 486 | 12566 | 3550.00 |

**Sakaro Farmented Baverage Pvt.Ltd., Kathmandu** ले उत्पादन गरेको माथि उल्लेखित ब्राण्डहरु मिति २०८०/०४/१२ देखि लागु हुने गरी उल्लेखित दर कायम गरिएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । उपरोक्त दररेटमा मु.अ.कर समावेश गरिएको छ ।

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### सर्वोच्चको स्वागतयोग्य आदेश

कोशी प्रदेशमा मुख्यमन्त्री हिक्मत कार्कीले विश्वासको मत नपाएपछि अर्को सरकार गठन भयो। कांग्रेस कोशी प्रदेश संसदीय दलका नेता उद्धव थापा मुख्यमन्त्री बने। उनलाई मुख्यमन्त्री बनाउन गठबन्धनलाई एक मत नपुगेपछि सभामुख बाबुराम गौतमसमेतको हस्ताक्षरमा प्रदेश प्रमुखसमक्ष प्रस्ताव पुगेको थियो। प्रदेश प्रमुख परशुराम खापुङ गठबन्धनसँग निकट। उनले संविधानको धारा नहेरी तुरुन्तै मुख्यमन्त्रीमा नियुक्ति दिए थापालाई।

संविधानतः सरकार बनाउने बेला सभामुखलाई मत दिने अधिकार छैन। विश्वासको मत दिनेबेला मत नपुगेमा निर्णायक मत दिने अधिकार भने छ। तर, गौतमले संविधानमाथि टेकेर आफ्नो हस्ताक्षर बुझाए। त्यसपछि थापा असार २१ गते मुख्यमन्त्री बने। सभामुखले असंवैधानिक कदम चालेको भन्दै तत्कालीन मुख्यमन्त्री कार्की सर्वोच्चको ढोका ढकढक्याउन आइपुगे काठमाडौं। संघमा गठबन्धनकै सरकार भएकोले उनको रिटको सुनुवाइ नहुने आशंका धेरैले गरेका थिए। यद्यपि, थापाकै दल कांग्रेसका शीर्ष नेता डा. शेखर कोइरालाले यो प्रक्रिया असंवैधानिक भएको भन्दै विरोध जनाए। त्यसपछि विरोधको शृंखला सुरु भयो। कांग्रेस केन्द्रीय समितिमा केन्द्रीय सदस्य केशवकुमार बुढाथोकीले कोशीमा कांग्रेसले असंवैधानिक कदम चालेको दाबी पेस गरे।

यद्यपि, अदालतको निर्णयमा शंका थियो। बिहीबार सर्वोच्चले शंकाको निवारण गर्दै असंवैधानिक कदमलाई बदर गरिदिएको छ। यो रिट सुनाउन सर्वोच्चले पूर्णइजलास गठन गरेको थियो। न्यायाधीशत्रय ईश्वरप्रसाद खतिवडा, डा. आनन्दमोहन भट्टराई र तिलप्रसाद श्रेष्ठले रिटमा परमादेश जारी गर्दै कोशी प्रदेश प्रमुख खापुङको कदमलाई असंवैधानिक ठहर गरेका हुन्। योसँगै सरकार गठनका लागि सात दिनको अवधि तोकिएको छ।

अब सरकार संविधानको धारा १६८ को उपधारा (२) अनुसार हुनुपर्नेछ। यो उपधारा अनुसार प्रदेशसभामा प्रतिनिधित्व गर्ने दुई वा दुईभन्दा बढी दलहरूको समर्थनमा बहुमत प्राप्त गर्न सक्ने प्रदेशसभाको सदस्य मुख्यमन्त्री हुनेछन्। तर, अझै पनि सरकार गठन सहज छैन। सत्तारुढ गठबन्धन र एमालेको पक्ष दुवैसँग बहुमत संख्या छैन।

कोशीमा कांग्रेसका २९ जना, नेकपा माओवादी केन्द्रका १२ जना, नेकपा एकीकृत समाजवादका चार जना र जनता समाजवादी पार्टीका एक जना गरी ४६ जना गठबन्धनतिर र एमालेको ४० र राप्रपाको छ गरी अर्को गठबन्धनमा पनि ४६ जना नै सांसद छन्। यसले गर्दा असंवैधानिक कदम सच्चिए पनि नयाँ सरकार गठन भने अन्योलमा परेको छ।

बिहीबारको आदेशमार्फत सर्वोच्चले सभामुख जुनसुकै दलबाट निर्वाचित भएको भए पनि निर्वाचित भइसकेपछि निष्पक्ष हुनुपर्ने प्रस्ट पारेको छ। सर्वोच्चको यो निर्णय स्वागतयोग्य छ। यसले प्रदेश होस् वा संघ दुवै तहका लागि सही नजिर स्थापित गरेको छ।

## मनन्योग्य

### चाणक्य नीति

रावीमा कैथियानहरूको (कठ) राज्य थियो। उनीहरू हम्मेसी आत्मसमर्पणका पक्षमा थिएनन्। कठहरूसँगको युद्धमा विजय पाउन सिकन्दरलाई बडो मुस्किल पऱ्यो। धेरै सिपाही मर्नुका साथै त्यस डरलाग्दो युद्धले सिपाहीको उत्साह भंग भयो। कठ राज्य नगिचै सौभूति राज्य थियो। त्यहाँका राजाले भने सिकन्दरसमक्ष आत्मसमर्पण गरे।

व्यास नदीका किनारमा पुगेपछि सिकन्दरलाई थाहा भयो- पारितिरको उर्वरा भूमिमा बलवान् किसानहरूको गणराज्य छ। त्यो राज्यको शासन अत्यन्तै सशक्त छ। त्यस राज्यदेखि पर फैलिरहेको नन्दको साम्राज्य मगध छ। मगधमा ठूलो सेनाका साथै हात्तीहरूको बाहुल्य रहेको छ। यस्तो सूचनाले सिकन्दरका सैनिकहरूको हृदय काम्यो। विवश भएर झेलम नदीकै बाटो गरी सिकन्दरका सैन्यहरू आफ्ना देशतिर फर्किए।

सिकन्दर कैथियान (कठ) बाटै फिर्ता भएको थियो। उसले व्यास नदी पार गर्न सकेन। तर, हिँडेर नथाक्ने चाणक्य अर्थात् विष्णुगुप्त मगधमा आई सोच्न लागे- मैले यसभन्दा अगाडि मेरा परिचितसँग भेट्नु के उचित होला ? अहं उचित छैन भन्ने पनि सोची मैले बाहिर नै बस्नु उपयुक्त छ भन्ने ठान्दै सहरबाहिर एउटा झुपडी निर्माण गरी नजिकै गाउँमा बालकहरूलाई शिक्षा दिने कार्य प्रारम्भ गरे।

झोपडीका वरपर कुश उम्रिएको थियो। एक दिन उनका खुट्टामा कुशको टुसोले घोच्यो। बाटो सफा गर्दा पहिलेदेखि दुई-तीनपटक कुशले घोचेको थियो। त्यसलाई काटेका थिए तर यसपटक उनलाई साह्रै रिस उठ्यो। सबै कुश हातले उखल्न थाले। उखल्दै खाडल परेका स्थानमा माटो हाल्दै गर्दथे। त्यसो गर्दा उनी पसिनाले निथुक्कै भिजे तर पनि कुश उखल्न छाडेनन्। मिसिनजस्तो बनेर काम गर्दै थिए। उनले अलिकति पनि थाहा पाएनन् कि पछाडिबाट कुनै मानिसले पनि उनलाई हेरिरहेछ।

त्यो हेर्ने व्यक्ति सोच्तै आफ्नो मनमनै भन्थ्यो- 'कति आवेश र प्रतिशोध छ यस व्यक्तिमा, कसरी कुशले गरेको अहितलाई सम्झेर फेदैदेखि कुश नष्ट गर्दैछन् यी व्यक्ति ? सायद मेरो कामका लागि यिनै व्यक्ति उपयुक्त होलान् कि !

केही बेरपछि तिनले मनमा गुने, यी ब्राह्मण देवताको कुशसँग यत्रो रिस किन ? चाणक्यले फर्केर हेरे- अगाडि राजसी पहिरनमा कुनै बृद्ध खडा छन्। विष्णुगुप्त आश्चर्यमा पर्दै ती बृद्धलाई चिन्ने प्रयत्न गर्छन्- अनि मनमा पूरा विश्वास भएपछि बूढाका गोडामा पर्दछन्।

## नजिकबाट नियाल्दाः

# राराको सुन्दरता र कर्णालीको व्यथा



▶▶ नेत्र सुवेदी 'प्रयास'

पुरानो सभ्यताको प्रमाणका साथै 'भर्जिन' रूपमै उपलब्ध प्राकृतिक सम्पदा र क्रमिक विकासको ज्वलन्त प्रमाण हो, कर्णाली। कर्णालीको सुन्दरता सबै नेपालीले देख्न पाउनुपर्दछ र सँगसँगै कर्णालीको व्यथा पनि काठमाडौंमा बसोवास गर्नेले बुझ्ने र सम्बोधन गर्ने प्रयत्न गर्नुपर्दछ। रारा ताल कर्णालीका थुप्रै आकर्षक पर्यटकीय गन्तव्यमध्ये एक अनुपम प्राकृतिक सौन्दर्यतासहित आगन्तुकलाई स्वागत गरिरहेको छ। समय र अनुकूल मौसम मिलाएर सबैले जीवनमा कम्तीमा एकपटक जिउँदै स्वर्ग देख्न सकिने यस ठाउँमा पुग्न भुल्न हुँदैन।

*'कति सुन्दर र विशाल छ रारा*
*लोभ्याउँछ यसले संसार सारा*
*मर्दछन् थकाई अनि बेचैनी*
*हराउँछन् दुःख चिन्ता सारा*
*नेपालकै आकृतिमा फैलिएको छ हेर*
*प्रकृतिको अनुपम उपहार रारा'*

राराको नाम सुन्नेबित्तिकै जो कोहीको मन फरुंग हुन्छ भने त्यहाँ पाइला टेक्दा स्वर्गको परिकल्पना साक्षात् भेटेजस्तै अनुभूत हुन्छ। यहाँको प्रकृतिले हरेकलाई आ-आफ्नो अन्तःस्करणबाट अनेक भावना उद्वेलित गर्दछ। यस स्तम्भकारको मनमा पनि माथिका पंक्ति छचल्किन पुगे। धेरै पहिलेदेखिको चाहना हुँदाहुँदै पनि गत असारको पहिलो सातामात्रै पहिलोपटक देशको सबैभन्दा ठूलो ताल भनेर चिनिने मुगु जिल्लामा पर्ने रारा ताल पुगेर प्रत्यक्ष नियाल्ने र स्पर्शसमेत गर्ने अवसर मिल्यो। जीवनमा एकपटक रारामा पुग्ने धेरैको धोको हुन्छ तर कमैलाई यो अवसर जुट्छ।

सुर्खेत, दैलेख, कालिकोट हुँदै जुम्लाको खलंगासम्म पुग्ने कर्णाली राजमार्गको नाग्म भन्ने स्थानबाट राजमार्गबाट अलग्गिएर जुम्लाको सिञ्जा उपत्यका भएर मुगु जाने बाटो अघि बढ्छ। सुन्दर पनि उत्पादनशील पनि यो उपत्यका नेपालभित्र मानव सभ्यतालाई हुर्काउने मूल ठाउँ पनि भन्ने गरिन्छ। मानवशास्त्री डोरबहादुर विष्टले लामो समय बिताएको र कर्णाली इन्स्टिच्युट स्थापना गरेको स्थान पनि यही सिञ्जा उपत्यका नै हो। अहिले यो उपत्यकाको अधिकांश भाग हिमा गाउँपालिकामा पर्दछ।

दुईतिर हराभरा फाँट अनि अलि माथि केही लेकाली वनस्पतियुक्त जंगल अनि बस्ती भएको यो ठाउँमा मोटरबाटो बनेपछि भने बाटोको दायाँबायाँ आवास बनाउने क्रम बढेको छ। फाँटलाई सिञ्चित गर्दै बीचबाट बगेको हिमा नदी जुम्ला र कालिकोटको सीमास्थल नाग्ममा पुगेर तीला नदीसँग मिसिन्छ। यो सिञ्जा उपत्यकाको मनोरम दृश्यले सबैका मन रोमाञ्चित बनाउँछ। बोटविरुवा, हरियाली, हिमा नदी बनेर अविरल बगिरहेको कञ्चन हिमाली पानी यी सबै दृश्यलाई नजिक बसेर नियालिरहुँ जस्तो लाग्ने सुन्दरता।

साँच्चिकै रारा ताल अनुपम सुन्दरताको खानी रहेछ। पढ्नु, सुन्नु र प्रत्यक्ष पुग्नुमा कति फरक छ भन्ने विषय रारा पुगेर मात्र अनुभूत हुन्छ। सदरमुकाम गमगढी नपुग्दै ताल्चा विमानस्थलको छेउबाटै रारा जाने बाटो देब्रेतिर मोडिन्छ। नाग्मबाट सिँजातिर लागेदेखि नै मोटरबाटो भने ग्राभेलयुक्त कच्ची बाटो हो तर मुगुका ठाडा भीर रहेको खण्ड नपुगुञ्जेलसम्म दुर्गम जिल्लाको कच्ची बाटो यात्रा गरिरहेका छौं भन्ने अनुभूत भएन। कालिकोट जिल्लाका भिराला अग्ला र डरलाग्दा पहाड छिचोलिसकेकाले होला जुम्लाको समथर भू-भाग



हुँदै मुगुसम्म पुग्दा देखापरेका मध्यमखालका हिमाली पहाडले खासै अघिल्लो दिनको अप्ठेरो बाटोको सम्झना गराउन सकेनन्। यात्रा पनि जीवनकै प्रतिविम्वजस्तो लाग्छ दुःख, सुख अनि फेरि दुःखको चक्र अर्थात् अप्ठेरा र सप्ठ्याराहरू झेल्दै र पार गर्दै अघि बढ्नुपर्ने। पहिलोपटक पुगेको यो जिल्लाको सदरमुकाम गमगढीको अवस्थिति, कार्यालयहरू, बजार, शैक्षिक संस्थाको अवस्थिति मोटामोटी जानकारी लिएपछि रारा पुग्ने सुरमा गमगढीलाई बिदाइ अभिवादन गरेर अघि बढियो।

रारा पुग्नै लाग्दा सल्लाका रुख भएको बाक्लो बन पार गरेर खुल्ला चौरमा पुगेपछि देखिन्छ विशाल जल सतह। चौरमा नपुगुञ्जेलसम्म रुखहरूका बीचबाट देखिएको ताल खण्ड-खण्ड परेको अपूरो देखिन्छ। जब पूरा ताल देखिन्छ, अनि त बाटाका अनेक दुःख कष्ट च्याट्टै बिर्सनमात्र होइन, शरीर नै हलुका भएर उड्न खोज्छ। मानौं कि कुनै समुद्रको किनारमा पुगिएको छ। चारैतिर नियालिसक्दा मात्र थाहा हुन्छ कि यो ताल नै हो। खुलेको आकाशजस्तै कञ्चन तालमा स्वच्छन्दरूपमा उडिरहेका बादलका विभिन्न आकृतिसहितका टुक्राहरू छर्लंग देखिन्छन्। अनि देखिन्छ मुर्माकोटतर्फको भूभाग, बस्ती र फाट्टफुट्ट रहेका रुख बिरुवा एवं केही न केही खेती हुर्किइरहेका बारीहरू। हिँउद्मा हिउँले भरिएका डाँडाहरू देखिँदा हुन् तर अहिले हिउँको च्यादर उतारेर उदांग छन्। लामो यात्रा गरेर आएका पर्यटक, आगन्तुक वा यात्रुहरू पनि तालको समिपमा पुगेपछि थकाइ हराएजस्तो, उमंग पलाएजस्तो अनुभूत गर्दछन्।

#### घोडा, डुंगा, भेडा र मान्छे

ताल वरिपरिको परिवेश वर्णन गर्नुपर्दा नवआगन्तुक आइपुग्नासाथ घोडा चढ्ने हो ? भन्दै केही मुगाली घोडा मालिकहरू देखापर्दछन्। धेरै अपेक्षा नभएका र खुसी अनुहारसहितका मुगाली केटाहरू। घोडा कतिबेर चढ्ने हो कहाँसम्म जानुपर्ने हो वा चौरमा केहीबेर चढेर फोटो मात्र पो खिच्ने हो कि हेरिकन तिर्नुपर्ने दररेट रहेछ। यहाँ पुग्ने प्रायः सबैले घोडा चढेर फोटो खिच्ने अवसर गुमाउन चाहँदैनन्। घोडचढीबाहेक तालसँगै रमाउने अर्को माध्यम भनेको १२ बजे अगाडि नै डुंगाबाट ताल वारपार गर्ने वा तालको किनारैकिनार परिक्रमा गर्नु रहेछ। मध्याह्न १२ बजेपछि भने हावाका कारण डुंगा चढ्ने काम असुरक्षित मानिदोरहेछ।

तालसँगैको चौरको अर्को भागतिर भने केही बथान भैँडाहरू मज्जाले चरिरहेका देखिन्थे। प्रयोगमा नआएका घोडाहरू पनि विभिन्न दिशामा फर्केर चरिरहेको हुन्छन्। यसरी घोडा, डुंगा, भैँडा यी तीनवटै चिजलाई निर्देशित गर्ने अरु कोही नभएर उही मान्छे थियो। यहाँका स्थानीयहरूले तालताई पेसासँग आबद्ध गरेका छन् भने घुम्न आउने आगन्तुकले भने नयाँ ठाउँमा आफ्नो मनलाई निर्देशित गरिरहेको, साथमा आउने साथीलाई सघाइरहेको र रमाइरहेको हुन्छ। तालको संरक्षणका लागि नेपाल सरकारका निकायहरूका साथमा स्थानीयहरूको पनि ठूलो योगदान रहेको छ।

#### मुर्माटपको यात्रा र बसाइँ : रोमाञ्चक अनि स्मरणीय

तालबाट उत्तरतर्फ मुर्माकोट नामक बस्ती तथा डाँडाको सर्वाधिक उच्च भागलाई मुर्माटप नाम दिइएको रहेछ। ताललाई दक्षिण पारी उक्त बस्ती र नजिकैको रिसोर्ट पुग्न कि त घोडा चढेर जानुपऱ्यो कि पैदलयात्रा। तालतर्फ नै फर्केको मुर्माकोटको पाखामा केही रिसोर्टहरू सञ्चालनमा रहेछन् भने मुर्माकोटबस्तीमै केही होमस्टेसमेत सञ्चालनमा ल्याइएको रहेछ। तालदेखि हिँडेको करिब दुई घण्टामा मात्र रिसोर्ट भएको ठाउँ पुग्न सकिन्छ। रिसोर्ट पुग्दा असिनपसिन बनाउँछ। कहिलेकाहीँ सिमसिम पानी पर्दा जाडोले जिउ थरथर कमाउँछ। यस्तो बेला शरीरलाई तातो राख्न भित्र न्यानो ठाउँमा गएर रुम हिटर बाल्ने, तातोतातो खाना खानुपर्छ।

भोलिपल्ट बिहान रिसोर्टबाट उकालो लाग्ने गरिन्छ मुर्माटप पुग्नका लागि। मुर्माटपमा पुगेर सूर्योदयसँगै तालको अवलोकन गर्ने धेरैको धोको हुन्छ। वर्षायाममा सूर्योदयको लालित्यमय दृश्य भेटाउन भने मुस्किलपर्दछ। डेढ दुई घण्टाको हिँडाइपश्चात् मुर्माटपमा पुग्न सकिन्छ। चारैतिरको प्रकृतिको सिर्जना नियाल्दै खासगरी आकासमै झुण्डिएजस्तो भान हुने रारा तालको दृश्यले थकान, भोकप्यास केही अनुभव हुँदैन। प्रकृतिको सुन्दरतामा रमाउन पाउँदा यी सबै कुरा बिर्सिन्छ। केही समय मुर्माटपमा बिताएर रिसोर्टमा फर्किंदा तातो फापरको रोटीको स्वाद जिब्रोमै झुण्डिएको हुन्छ। यसरी राराको यात्रामा जाने जो कोहीले जीवनमा महत्त्वपूर्ण प्राप्ति भएको अनुभव गरेकै हुन्छन् र यो सम्झनालाई जीवनभर संगालेकै हुन्छन्।

#### फेरिंदै कर्णाली, देखिँदै सम्भावना

कर्णाली अहिले पनि टाढा छ भन्ने कुरा त रारा पुगेर काठमाडौं फर्कन सडकमार्गबाट सरासर यात्रा गर्दा पनि पूरा छ दिन लाग्दछ। राष्ट्रिय राजमार्गमा जोडिन बाँकी हुम्ला, जाजरकोट हुँदै डोल्पाको दुनैसम्म कच्ची बाटोले जोडे पनि पुलहरू बन्न बाँकी छ। सबै पालिकाहरूमा सधैं प्रयोगमा आउने सुरक्षित सडकको उपलब्धता सम्भव हुन त केही वर्ष नै कुर्नुपर्ने देखिन्छ। यद्यपि, २०६० सालयता कर्णालीलाई उज्यालो बनाउन, कर्णालीलाई देशका बाँकी भागसँग जोड्न, शिक्षा स्वास्थ्य र उत्पादनका लागि भएको समग्र लगानी र प्रयत्न भने कम छैन।

प्रदेशमा पहिलेको कर्णाली अर्थात् कर्णाली अञ्चलबाट मुख्यमन्त्री पनि भइसके। कर्णालीका उत्पादनहरू उवा, फापर चिनो जुनेलो मार्सी चामल जडीबुटीलगायतलाई प्रवर्द्धन गर्न काठमाडौंलगायतका सहरमा पसलहरू राख्ने, यहाँका युवालाई राष्ट्रिय श्रमबजारमा बढी माग भएका सीप विकासका लागि उचित प्रबन्ध गर्नेजस्ता कामहरू गरिनुपर्दछ। रारा ताल, सिँजा, मुकुट हिमाल, मुर्माटप, चन्दननाथ रहेको जुम्ला सदरमुकामलगायत पर्यटकीय स्थानहरूलाई 'प्याकेजिङ' गर्दै कर्णालीका खोँचहरूमा साहसिक पर्यटन सञ्चालन गर्ने ध्येयका साथ पुलहरू निर्माण गर्न सके स्थानीय अर्थतन्त्रलाई टेवा पुग्ने देखिन्छ।

कर्णालीबाट बग्दै आएका नदीहरू जलविद्युत्, सिँचाइ, जलपर्यटनका लागि दिगो स्रोत पनि हुन्। हवाई यातायातका पूर्वाधारलाई थप सुदृढ बनाएर पनि थप पर्यटक भित्र्याउन सकिन्छ। यार्चागुम्बा जस्ता बहुमूल्य जडीबुटी प्रशोधन र प्याकेजिङ गरेर विश्वबजारमा पठाउने सम्भावना त छँदै छ। यी सम्भावनाको अधिकतम् प्रयोग गर्न तीनै तहका सरकारहरू चुक्नु हुँदैन। फेरि पनि रारा तालको आफ्नो मौलिकता कायम राख्दै विश्व पर्यटन बजारमा पर्याप्त प्रचारप्रसार गरी नेपालकै नाम 'द कन्ट्री अफ रारा लेक' भनेर समेत राख्न सकिने सम्भावना उत्तिकै छ। विदेशमा रहेका नेपालीले पनि राराको प्रचार गर्नमा पछि पर्नु हुँदैन। यसमा सञ्चार माध्यमहरूले पनि प्रचारात्मक भूमिका खेल्न सक्नुपर्छ।

पुरानो सभ्यताको प्रमाणका साथै 'भर्जिन' रूपमै उपलब्ध प्राकृतिक सम्पदा र क्रमिक विकासको ज्वलन्त प्रमाण हो, कर्णाली। कर्णालीको सुन्दरता सबै नेपालीले देख्न पाउनुपर्दछ र सँगसँगै कर्णालीको व्यथा पनि काठमाडौंमा बसोवास गर्नेले बुझ्ने र सम्बोधन गर्ने प्रयत्न गर्नुपर्दछ। रारा ताल कर्णालीका थुप्रै आकर्षक पर्यटकीय गन्तव्यमध्ये एक अनुपम प्राकृतिक सौन्दर्यतासहित आगन्तुकलाई स्वागत गरिरहेको छ। समय र अनुकूल मौसम मिलाएर सबैले जीवनमा कम्तीमा एकपटक जिउँदै स्वर्ग देख्न सकिने यस ठाउँमा पुग्न भुल्न हुँदैन। *रासस*

***(लेखक सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सहसचिव हुन्)***

## पत्र–मञ्जुषा

### 'भिजन' नभएका मन्त्रीहरूबाट नतिजाको आश गर्नु नै व्यर्थ

मन्त्रीहरूसँग 'भिजन' भएन भने पूरा राज्यसंयन्त्र नै जोखिममा पर्छ। मन्त्रीकै कारण प्रधानमन्त्री असफल हुन्छन् भने राज्यको ढुकुटीमा आउनुपर्ने खर्बौं रूपैयाँ राजस्व रोकिन्छ। भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, सहरी विकास मन्त्रालय र भूमि व्यवस्थापन तथा सहकारी मन्त्रालय यसअन्तर्गत पर्छन्। न मन्त्रीमा काम गर्ने क्षमता छ न सचिवमा। यी मन्त्रालय मातहत निकायका महानिर्देशक र कर्मचारी पनि त्यस्तै छन्।

सहरी विकास मन्त्रालय मुलुकको महत्त्वपूर्ण मन्त्रालयमा पर्छ। यसले सहरलाई सुन्दर र व्यवस्थित बनाउन गर्नुपर्ने धेरै काम बाँकी छ। तर, अहिले यो मन्त्रालयले केही काम गरेकै देखिँदैन। सहर व्यवस्थित त छोडौं, घरलाई पञ्जीकरणमा लैजानसमेत सकेको छैन। मुलुकभर बस्ती बढ्दो छ। घरहरू धमाधम निर्माण भइरहेका छन्। ती घरलाई पञ्जीकरण गरेर कर लिने निर्णय गर्ने हो भने राज्यको ढुकुटीमा कति राजस्व जम्मा हुन्छ ? एउटा घर भएकालाई घरेलु र त्योमाथि घर भएकालाई कम्पनीमा लगेर पञ्जीकरण गर्ने व्यवस्था गर्नुपर्छ।

प्रत्येक ६ महिनामा घरको जाँचपास गर्ने र प्राधिकरण चेकजाँच गर्ने नीति ल्याउन पनि ढिलाइ भइसकेको छ। बस्नलायक नभएका घरमासमेत आमनागरिकहरू बसोबास गर्दै आएका छन्। सरकारले यो निर्णय गऱ्यो भने एकातिर राजस्व आउँछ, अर्कोतिर पुराना घर भत्किएर कोही घाइते हुनुपर्दैन। ज्यान पनि जाँदैन। घरधनीहरूले एउटा घरमा करोडदेखि अर्ब रूपैयाँसम्म लगानी गरेका छन्। उनीहरूले घर भाडामा लगाएर मासिक लाखदेखि करोड रूपैयाँसम्म बहाल उठाउँछन्। त्यसबापत राज्यले के पाइरहेको छ ?

जतिपटक मन्त्री फेरिए पनि राज्यको अवस्था उही छ। घरधनीहरू कमाउने तर राज्यलाई कौडी पनि राजस्व नतिर्ने। राज्यले न लगानीको राजस्व पाउँछ न आम्दानीको। यता, भूमि व्यवस्था मन्त्रालय पनि राजस्व उठाउन असफल बनेको छ। मुलुकभर जग्गाको सरकारी दर पाँच हजारदेखि ६६ लाख ५० हजार रूपैयाँसम्म छ। सरकारले सरकारी दरअनुसार राजस्व पाउँछ। तर, बजारी भाउ त त्यस्तो छैन। सरकारले पाँच हजार रूपैयाँ आना मूल्य तोकेको जग्गा २० लाखमा खरिदबिक्री भइरहेको छ।

तर, राज्यले त सोअनुसार राजस्व पाइरहेको छैन। एक करोडमा जग्गा किन्छ, पाँच लाखमा किनेको हो भन्दै सरकारलाई त्यतिकै राजस्व तिर्छ। ९५ लाखको त राजस्व छल्छ। त्यसमाथि पनि महिलाको नाममा जग्गा पास गऱ्यो भने छुट पाइन्छ। जसले राजस्व छलिरहेको छ, त्यसैलाई छुट। सरकारले नै राजस्व छल्नेहरूलाई प्रोत्साहन गरिरहेको देखिन्छ। बजारी भाउ पनि त बुझ्नुपऱ्यो। कुन ठाउँमा कतिमा जग्गा खरिदबिक्री भइरहेको छ ? हामीले कति राजस्व पाइरहेको छौं ? यति त बुझ्न नसक्ने भूमि व्यवस्था मन्त्रालयका पदाधिकारीहरूले अरु के गर्छन् ?

यति धेरै सरकारी निकाय छन्। प्रदेशपिच्छे मन्त्रालय छन्। स्थानीय सरकार छ। तर, कहीं कतै पनि काम भएको छैन। सबैजना कामचोर भए। लक्ष्यअनुसार राजस्व उठाउनसमेत सरकारी निकाय असफल बनेका छन्। अझै पनि टुलुटुलु हेरेर बस्ने कि कुनै 'एक्सन' लिने ?

*– अर्जुन पुडासैनी, पुतलीसडक*

#### जानकारी

**अब यस दैनिकले हरेक दिन पत्र–मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ। सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

# प्रांगारिक प्रदेश निर्माण गर्ने अभियानमा जोड

**कर्णाली (प्रस)–** कर्णाली प्रदेश सरकारका भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री भीमप्रकाश शर्माले कर्णालीवासीको हितलाई केन्द्रमा राखेर काम गर्न निर्देशन दिएका छन् । मन्त्रालयद्वारा बिहीबार वीरेन्द्रनगर सुर्खेतमा आयोजित आव २०७९/८० को मन्त्रालयस्तरीय वार्षिक प्रगति समीक्षा गोष्ठीमा उनले नागरिकको प्रत्यक्ष जीवनसँग जोडिएको कृषि क्षेत्रमा परिणाम आउने गरी काममा लाग्न कार्यालय प्रमुखलगायत कर्मचारीलाई सुझाए ।

उनले भने, 'गत आर्थिक वर्षमा भएका कमजोरीलाई सिकाइका रूपमा लिएर प्रदेश सरकारको नीति तथा कार्यक्रम र बजेट कार्यान्वयनको तयारीमा लाग्नूस् । अब छिट्टै बजेट अख्तियारी आउँछ ।'

कर्णाली प्रदेश सरकारले लिएको समृद्धि तथा प्रांगारिक प्रदेश निर्माणको अभियानमा जोड दिन आग्रह गर्दै उनले रैथानेबाली उत्पादनको दिगो विकास तथा प्रवर्द्धनका कार्यक्रम लागू गर्नेतर्फ गम्भीर भएर लाग्न महाशाखा, निर्देशनालय र दशवटै जिल्लाका प्रमुखलाई सुझाए । उनले मन्त्रालयको गत आवको ७६ प्रतिशत वार्षिक प्रगतिलाई आगामी वर्ष बढाउने लक्ष्यका साथ कार्यमा जुट्न अनुरोध गरे ।

मन्त्रालयका सचिव नरहरिप्रसाद घिमिरेले समीक्षाले सिकाएको पाठलाई आधार बनाएर चालु आव २०८०/८१ लाई नतिजामुखी बनाउन अहिले नै विशेष कार्ययोजना बनाउन मातहतका कर्मचारीलाई सुझाव दिए । कामलाई सहज बनाउन परिस्कृत कार्यविधि बनाइने र सो कार्यान्वनयनका लागि स्पष्ट परिपत्र गरिने सचिव घिमिरेको भनाइ थियो ।

समीक्षामा कृषि विकास निर्देशनालयका निर्देशक चित्रबहादुर रोकाय, सहकारी रजिष्ट्रार कार्यालयका रजिष्ट्रार खुमप्रसाद सुवेदी, पशुपक्षी निर्देशनालयका निर्देशक कृष्णप्रसाद रिजाल, कृषि तथा पशुपक्षी व्यवसाय प्रवर्द्धन प्रशिक्षण केन्द्रका प्रमुख पदमबहादुर सुवेदी र एकीकृत कृषि प्रयोगशालाका प्रमुख परशुराम रावतले आव२०७९/८० को वार्षिक प्रगति, समस्या/चुनौती र समाधानका लागि गरिएका प्रयास समेटिएको प्रतिवेदन प्रस्तुत गरेका थिए ।

उक्त गोष्ठीमा योजना महाशाखाका प्रमुख राजु भुज, कृषि विकास महाशाखा प्रमुख धनबहादुर कठायत, प्रशासन तथा सहकारी महाशाखाका प्रमुख राजेन्द्र पौडेल र पशुपक्षी विकास महाशाखाका प्रमुख प्रचण्ड खड्का क्षेत्रीले मातहतका कर्मचारीलाई आफ्नो कार्यसम्पादनमा दत्तचित्र भएर लाग्न र अभिलेखीकरणमा ध्यान दिन सुझाएका थिए ।

# सिक्दै, कमाउँदै छन् विद्यार्थी

**बेनी–** म्याग्दीको मालिका गाउँपालिका-७ बिममा रहेको किसानी माविमा सञ्चालित प्राविधिक शिक्षा प्रभावकारी बनेको छ । किसानी प्राविधिक शिक्षालयअन्तर्गत बाली विज्ञान र पशु विज्ञान विषय अध्ययन गर्दै आएका विद्यार्थीलाई लक्षित गरी सञ्चालन गरिएको 'सिक्दै कमाउँदै' कार्यक्रम फलदायी बनेको हो ।

शिक्षालयको बाली विज्ञानतर्फका विद्यार्थीले प्रयोगात्मक सिकाइका लागि गरेको तरकारी खेती व्यावसायिक नै बनेको छ । यहाँका विद्यार्थीले करिब १२ रोपनीमा तरकारी र धान खेती गर्दै आएका छन् । करिब तीन रोपनीमा बर्खे तरकारी खेती गरेका विद्यार्थीको करेसाबारीमा अहिले लौका, गोलभेडा, घिरौला, तितेकरेला, भण्टालगायतका तरकारी उत्पादन भएको छ ।

विद्यार्थीको करेसाबारीको उत्पादन रहरलाग्दो छ । विद्यार्थीले उत्पादन गरेको कृषि उपज उनीहरू स्वयंले प्रयोग गर्छन् भने गाउँमासमेत बिक्री गर्दै आएको शिक्षालयका प्रमुख करन कँडेलले जानकारी दिए । उनका अनुसार, बाली विज्ञानतर्फका विद्यार्थीले एक हजार किलोग्राम बढी आलु उत्पादन गरेर बिक्री गरिसकेका छन् । यसअघि उनीहरूले च्याउसमेत उत्पादन गरेर बिक्री गरी आम्दानी गरेका थिए ।

विद्यार्थीले चार रोपनी जग्गामा धान खेतीसमेत गरेका छन् । यस शिक्षालयमा पशु विज्ञान अध्ययन गर्ने विद्यार्थीले कुखुरापालन गर्दै आएका छन् । 'सिक्दै कमाउँदै कार्यक्रम निकै प्रभावकारी बनेको छ, उनीहरू विद्यालय समयभन्दा बाहिरको समयलाई उत्पादनमूलक क्षेत्रमा लगाएका छन्, व्यावहारिक शिक्षासँगै आम्दानीसमेत गर्न सफल भएका छन्,' शिक्षालयका प्रमुख कँडेलले भने । वि.सं. २०६८ मा सिटिइभिटीबाट सम्बन्धन प्राप्त गरी १८ महिने जेटिए, तीन वर्षे बाली विज्ञान र तीन वर्षे पशु विज्ञानमा पठनपाठन गराउँदै आएको प्राविधिक शिक्षालयमा अहिले कूल १४२ जना अध्ययनरत छन् ।

यहाँ अध्ययन गरेका विद्यार्थी कृषि र पशु शाखातर्फ विभिन्न क्षेत्रमा रोजगारमासमेत आवद्ध हुने क्रम बढेको र घरपरिवारलाई समेत उत्पादनसँग जोड्न सफल भएको विद्यालयका प्रधानध्यापक जंगबहादुर गर्बुजाले जानकारी दिए । यस शिक्षालयले १८ महिने जेटिए, तीन वर्षे बाली विज्ञान र तीन वर्षे पशु विज्ञानतर्फ ४०/४० जना सिटमा भर्ना खुलाएको छ । *रासस*

# 'जथाभावी योजना समेटदा कार्यान्वयनमा समस्या'

**हेटौंडा–** बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले बहुवर्षीय योजनाको मापदण्ड नहुँदा प्रदेशबाट जथाभावी योजना परेकाले ती योजना निर्माण सम्पन्न गर्न समस्या भइरहेको बताएका छन् ।

भौतिक पूर्वाधार विकास मन्त्रालयको समीक्षा बैठकमा उनले मापदण्डविना नै अघिल्ला वर्षमा हालिएको बहुवर्षीय योजनाका कारण धेरै गुनासा आएको जनाउँदै अब मापदण्ड बनाएर त्यसलाई नियन्त्रण गरिने बताएका हुन् । उनले अब अन्तिम समय वैशाख-जेठमा टेण्डर गर्ने र काम नगर्ने परिपाटीको अन्त्य गर्दै अब टेण्डरको काम आर्थिक वर्षको पहिलो चैमासिकमा नै गरिसक्ने व्यवस्था मिलाउँदै लैजाने बताए ।

उनले भने, 'अब हचुवाका भरमा मात्र काम गर्नेभन्दा पनि पाँचवर्षे आवधिक योजना बनाएर काम गर्नुपर्छ, अघिल्लो चार वर्षको वहुवर्षीय योजनाको मापदण्ड नहुँदा प्रदेशबाट जथाभावी बहुवर्षीय योजना परे, धेरै गुनासा सुनिए, म आफैं आर्थिक मामिलामन्त्री हुँदा बहुवर्षीय योजनाको मापदण्ड बनाएर त्यसलाई नियन्त्रण गरेको हुँ ।'

अघिल्लो सरकारले हालेका बहुवर्षीय योजनाको बोझ बोक्नुपरेको र ३० देखि ४० प्रतिशत काममात्रै भएकाले त्यसलाई सम्पन्न गर्न थप चुनौती रहेको उनले बताए । काठमाडौं-हेटौंडा जोड्ने भैंसे-भीमफेदी, फाखेलदेखि फर्पिङसम्मको बाटो मुख्यमन्त्री भएपछि प्राथमिकताका साथ अगाडि बढाए पनि काम सुस्त र गुणस्तरीय हुन नसकेको उनको भनाइ छ ।


## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : REAL FACILITIES MANAGEMENT

पूर्व स्वीकृति मिति २०८०/०४/१० | LT. No. 289972 | चलानी नं. ६०२०५२६५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Ground Steward | 4 | 0 | 1200 | ४१,९४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Ground Steward (Female) | 0 | 1 | 1000 | ३४,९५० | | | | | | | |

कम्पनी : LOMING BARAKO RESTAURANT

पूर्व स्वीकृति मिति २०८०/०४/१० | LT. No. 289971 | चलानी नं. ६०२०५२६६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | WAITER | 2 | 3 | 1400 | ४८,९३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : PURELAND SERVICES & HOSPITALITY WLL

पूर्व स्वीकृति मिति २०८०/०४/११ | LT. No. 289970 | चलानी नं. ६०२०५२६४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | GENERAL CLEAN WORKER | 0 | 3 | 1000 | ३४,९५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन १९ गते (4th Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैँले **सेवा शुल्क**: नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**White Horse International Pvt. Ltd.** Govt. License 966/067/68

New Baneshwor, Kathmandu, Nepal, Tel No: +977-1-4791108, 4792040, E-mail: wh.adm77427@gmail.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : OLAYAN FOOD SERVICES CO

पूर्व स्वीकृति मिति २०७९/०५/२१ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०४/११ | LT. No. 270491 | चलानी नं. ६०१८६९७९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Fast Food Maker | 24 | 0 | 1200 | ४१,९४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन १९ गते (4th Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैँले **सेवा शुल्क**: नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Leading Foreign Recruitment Pvt. Ltd.** RECRUITMENT श्रम ईजाजत नं. ६६६/०६३/०६४

Sinamangal, Kathmandu, Nepal Tel : +977-1-4111294, 9801077916, 9809393765

E-mail: cvlink03@gmail.com, hospitallity.lfr@gmail.com, Web: www.lefrn.com



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ONE FACILITIES MANAGEMENT COMPANY W.L.L

पूर्व स्वीकृति मिति २०८०/०४/१० | LT. No. 289964 | चलानी नं. ६०२०५२३७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 45 | 30 | 85 | ३६,३४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Security Guard | 45 | 30 | 125 | ५३,४५० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन १८ गते (3rd Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैँले **सेवा शुल्क**: १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**KANCHAN HUMAN RESOURCES MANAGEMENT PVT. LTD.** KHRM dream solutions Govt. License 593/062/63

(Nearby International Airport, Next to Hotel Hema) Sinamangal-9, Kathmandu, Nepal

Telephone: 014564708, Mobile: 9851078211, 9851080486



## MAURITIUS मा वैदेशिक रोजगारको अवसर

कम्पनी : KNE CO LTD

पूर्व स्वीकृति मिति २०८०/०४/११ | LT. No. 289212 | चलानी नं. ६०२०४५२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव MUR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | A/c Repair | 1 | 0 | 15000 | ४२,६५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Electrician | 1 | 0 | 15000 | ४२,६५५ | | | | | | | |
| 3 | Embroidery | 2 | 0 | 15000 | ४२,६५५ | | | | | | | |
| 4 | Kashmir Operator | 1 | 0 | 15000 | ४२,६५५ | | | | | | | |
| 5 | Knitting Operator | 2 | 0 | 15000 | ४२,६५५ | | | | | | | |
| 6 | Looping Operator | 1 | 0 | 15000 | ४२,६५५ | | | | | | | |
| 7 | Machine Operator | 29 | 30 | 16000 | ४५,४९५ | | | | | | | |
| 8 | Plumber | 1 | 0 | 15000 | ४२,६५५ | | | | | | | |
| 9 | Printing | 2 | 0 | 15000 | ४२,६५५ | | | | | | | |
| 10 | Salesgirl | 0 | 20 | 16000 | ४५,४९५ | | | | | | | |
| 11 | Technician | 1 | 0 | 15000 | ४२,६५५ | | | | | | | |
| 12 | Technician Pressing | 3 | 0 | 15000 | ४२,६५५ | | | | | | | |
| 13 | Welder | 1 | 0 | 15000 | ४२,६५५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन २२/२५ गते (7/10th Aug. 2023) मा हुनेछ ।

अन्तरवार्ता हुने स्थान: गोकर्ण रिशोर्ट, इटहरीमा मिति: २०८० साउन २३/२४ गते (8/9th Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैँले **सेवा शुल्क**: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Jassim Trading And Services Pvt. Ltd.** Govt. License No: 332/059/060

G.P.O Box : 8974, Airport Road, Kathmandu, Nepal

Tel.: 01-4568845, 9805678135, 9805678136

Email: jassimtrd@gmail.com, Website: www.jassim.com.np



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : NEW LINE STEEL ENGINEERING

पूर्व स्वीकृति मिति २०८०/०४/११ | LT. No 289982 | चलानी नं. ६०२०५२४१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Blacksmith | 3 | 0 | 1200 | ४३,२१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Labour | 5 | 0 | 1000 | ३६,०१० | | | | | | | |
| 3 | Plumber | 2 | 0 | 1200 | ४३,२१० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन १९ गते (4th Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैँले **सेवा शुल्क**: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Pari Overseas Pvt. Ltd.** श्रम ईजाजत नं. ११७७/०७३/०७४

Sinamangal, Kathmandu, Nepal - Tel:-+977-4490447, 4490448

Email:-parioverseas1177@gmail.com, Web:- www.parioverseas.com



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MULTIPLEX CLEANING & CONT. WLL

पूर्व स्वीकृति मिति २०८०/०४/११ | LT. No. 289954 | चलानी नं. ६०२०५२५३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Admin Director | 0 | 1 | 6000 | २१६,०५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Carpenter | 2 | 0 | 1200 | ४३,२१० | | | | | | | |
| 3 | Cashier | 0 | 1 | 1700 | ६१,२१५ | | | | | | | |
| 4 | Electrician | 3 | 0 | 1200 | ४३,२१० | | | | | | | |
| 5 | Foreman | 1 | 0 | 2500 | ९०,०२० | | | | | | | |
| 6 | General Clean Worker | 15 | 24 | 1000 | २६,३१० | | | | | | | |
| 7 | Helper | 1 | 0 | 1000 | ३६,३१० | | | | | | | |
| 8 | Labour | 10 | 0 | 1000 | ३६,३१० | | | | | | | |
| 9 | Manager Variety | 1 | 0 | 6000 | २१६,०५० | | | | | | | |
| 10 | Mason | 4 | 0 | 1200 | ४३,२१० | | | | | | | |
| 11 | Painter | 2 | 0 | 1200 | ४३,२१० | | | | | | | |
| 12 | Plaster Worker | 5 | 0 | 1200 | ४३,२१० | | | | | | | |
| 13 | Plumber | 1 | 0 | 1200 | ४३,२१० | | | | | | | |
| 14 | Receptionist | 0 | 1 | 1700 | ६१,२१५ | | | | | | | |
| 15 | Salesman | 1 | 0 | 1700 | ६१,२१५ | | | | | | | |
| 16 | Supervisior | 11 | 1 | 2500 | ९०,०२० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन १९ गते (4th Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैँले **सेवा शुल्क**: नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**JALAJALA RECRUITMENT PVT.LTD** श्रम ईजाजत नं. १२२४/०७४/०७५

Samakhusi-29, Kathmandu, BAGMATI. Tel: +977-1-4350257, 4350900

Mobile No. +97714390878, 01-4380956, E-mail: jalajalarecru2017@gmail.com



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL WAFA FACILITY SERVICES L.L.C.

पूर्व स्वीकृति मिति : २०७९/११/०२ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०४/११ | LT. No.280973 | चलानी नं. ६०१९६६१८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaners | 100 | 0 | 800 | २८,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय ललितपुरमा मिति: २०८० साउन १९ गते (4th Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैँले **सेवा शुल्क**: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Humour Overseas Pvt. Ltd.** श्रम ईजाजत नं. ७७७/०६५/०६६

Gwarko-7, Lalitpur, Tel No. +977-01-5528563, 5531210, 5525424

Email : humouroverseas777@gmail.com, infohumour@gmail.com, www.humouroverseas.com



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : FEWA TRADING AND CONTRACTING

पूर्व स्वीकृति मिति २०८०/०४/११ | LT. No. : 289865 | चलानी नं.६०२०५२३०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | SUPERVISIOR | 9 | 0 | 2500 | ९०,०२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : AL ZAYED GENERAL CONTRACTING

पूर्व स्वीकृति मिति २०८०/०४/११ | LT. No. : 289866 | चलानी नं.६०२०५२३१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 6 | 0 | 1100 | ३९,६१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Driver | 2 | 0 | 1400 | ५०,४१० | | | | | | | |
| 3 | Foreman | 5 | 0 | 2500 | ९०,०२० | | | | | | | |
| 4 | General Clean Worker | 2 | 0 | 1000 | ३६,३१० | | | | | | | |
| 5 | Heavy Vechicle Driver | 2 | 0 | 1900 | ६८,४१५ | | | | | | | |
| 6 | Labour | 5 | 0 | 1000 | ३६,३१० | | | | | | | |
| 7 | Marble Technician | 2 | 0 | 1100 | ३९,६१० | | | | | | | |
| 8 | Specialist Recruitment | 2 | 0 | 2500 | ९०,०२० | | | | | | | |
| 9 | Supervisior | 9 | 0 | 2500 | ९०,०२० | | | | | | | |
| 10 | Tile Maker | 1 | 0 | 1100 | ३९,६१० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन १९ गते (4th Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैँले **सेवा शुल्क**: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Greenland Services Pvt. Ltd.** श्रम ईजाजत नं. १५९३/०७९/०८०

"A Complete Ethical Recruitment Agency"

Basundhara,Kathmandu, Nepal

Tel: +977 1 5916353

Email: greenlandnepal@gmail.com, Website: www.greenlandnepal.com

# प्रभाव दैनिक

रूपशाला

शुक्रबार, १२ साउन २०८० (Friday, July 28, 2023)


## गायिका सिनेड ओ'कनरको निधन

चर्चित आइरिस गायिका सिनेड ओ'कनरको ५६ वर्षको उमेरमा निधन भएको छ । उनको परिवारले बुधबार निधनको खबर सार्वजनिक गरेपनि कारणबारे चाहिँ केही खुलाएको छैन । ग्रामी अवार्ड विजेता गायिका सन् १९९० मा हिट गीत 'नथिङ कम्पेयर्स टू यू' बाट चर्चामा आएकी थिइन् । सन् १९८७ देखि २०१४ को बीचमा उनले १० वटा एल्बम रिलिज गरेकी थिइन् । क्थोलिक चर्चमा भएको बाल यौन दुर्व्यहारको विरोधमा सन् १९९२ मा अमेरिकी टेलिभिजन शो स्याटर्डे नाइट लाइभमा पोप जोन पल द्वितीयको तस्बिर च्यातेपछि उनी विवादमा पनि आइन् । गत जनवरीमा मात्र उनले आफ्नो १७ वर्षीय छोरा शेनलाई गुमाएकी थिइन् । उनको निधनप्रति विश्वभरबाट संगीतकर्मी तथा समर्थकहरूले श्रद्धाञ्जली व्यक्त गरिरहेका छन् ।



# खुल्यो 'मिस युनिभर्स नेपाल'को आवेदन

## विवाहितले पनि सहभागी हुन पाउने



■ प्रभाव संवाददाता

**काठमाडौं–** 'मिस युनिभर्स'मा नेपालका प्रतिनिधि पठाउने उमङ क्रियशनले यो वर्षको 'मिस युनिभर्स नेपाल २०२३' को सुरुआत गरेको छ । आज पर्यटन बोर्डको हलमा एक समारोहको आयोजना गर्दै आगामी संस्करणमा सहभागी हुन झनै फराकिलो दायरा बनाएको घोषणा गरिएको छ । यस प्रतियोगिताका राष्ट्रिय निर्देशक नग्मा श्रेष्ठले सहभागिताको मापदण्डलाई खुकुलो बनाइएको जानकारी दिइन् ।

उनले भनिन्, 'यो प्रतियोगिता सबैका लागि होस् भनेर हामी लचिलो भएका छौँ । यसपटक हामीले सौन्दर्यको सीमा हुँदैन भन्ने विश्वासका साथ विवाहित र आमाहरूलाई समेत सहभागी गराउने छौँ ।'

उनले उचाइ वा तौल स्वीकारेर ट्रान्सवुमन, गैरआवासीय र विवाहितसँगै आमालाई समेत सहभागी गराइने निर्णय सौन्दर्य प्रतियोगितामा पहिलोपटक भएको जानकारी दिए । 'सबै आकारका महिला, देशबाहिर रहेकालाई देशको प्रतिनिधित्व गर्ने अवसर र विवाहित भएर पनि सपना देख्न नछोड्नु भन्ने उद्देश्य हाम्रो हो,' निर्देशक श्रेष्ठले भने । यस संस्करण मापदण्डहरूलाई चुनौती दिँदै, अवरोधहरू तोड्दै, परिवर्तन र प्रेरणाको प्रकाशको रूपमा चम्कने उनको विश्वास छ ।

यो प्रतियोगितामा भदौ २२ मा घोषणा हुने विजेताले ७२ औँ 'मिस युनिभर्स'को मञ्चमा नेपालको प्रतिनिधित्व गर्नेछिन् । यस प्रतियोगितामा विजेतासँगै चार उपविजेतासमेत घोषणा हुनेछन् । गत जेठ २३ गतेबाट सुरु भएको दर्ता आगामी साउन १८ सम्म चल्नेछ ।

# शिक्षा बनिन् 'मिस प्लस टु नेपाल २०२३'




■ प्रभाव संवाददाता

**काठमाडौं–** शिक्षा राणा 'मिस प्लस टू नेपाल २०२३' घोषित भएकी छन् । राजधानीमा आयोजित प्रतियोगीतामा राणाले १८ प्रतिस्पर्धीलाई पछि पार्दै शिर्ष सहित 'मिस पर्सनालिटी' र 'मिस स्टाइलिस' विधागत उपाधि समेत हात पार्न सफल भएकी छन् ।

प्लस टू अध्ययनरत छात्राहरूको प्रतिभा निखार्दै व्यक्तित्व र सौन्दर्य मापनको उदेश्यले आयोजित प्रतियोगीतामा याङ्जी दावा लामाले फस्ट रनरअप र विशाखा श्रेष्ठ सेकेन्ड रनर अप भए । लामाले भ्युअर च्वाइस र पब्लिक च्वाइस उपाधि समेत हात पार्दा श्रेष्ठले मिस कन्फिडेन्टको उपाधि आफ्नो पोल्टामा पारिन् ।

युहान इन्टरनेसनल इभेन्टस्को आयोजनामा जमलस्थित राष्ट्रिय नाचघरको डबलीमा सम्पन्न प्रतियोगीतामा झरना अधिकारीले 'भ्युअर च्वाइस,' प्रियाशा जोशीले 'पब्लिक च्वाइस' उपाधि हात पारे । त्यस्तै कृष्टिना प्रजा 'म्यानेज्मेन्ट च्वाइस,' कृतिका गौतम 'मिस ट्यालेन्ट र मिस फोटोजेनिक,' समृद्धि जोशी 'वेष्ट इन् इभिनिङ गाउन,' सोनिमा घलान 'वेष्ट वाक' र ओसिन माली 'मिस कन्जिनियालिटी' विजेता बने ।

संचारकर्मी तथा कोरियोग्राफर रोजिन शाक्यको उद्घोषण तथा कोरियोग्राफी रहेको प्रतियोगीतामा चलचित्र निर्देशक एवं अभिनेता साहिल खान, इन्टरनेसनल नेपाली मोडल दीपक घिमिरे, फेसन उद्यमी स्वेता सिरोहिया रोक्का, एभिएसन उद्यमी संगीता रौनियार तथा नेपाल एयरहोस्टेस् एकेडेमीका निर्देशक रेजिना तुलाधार निर्णायकको रूपमा रहेका थिए ।

'मिस प्लस टू'को उपाधि यस अगाडि अहिलेकी चर्चित अभिनेत्री आँचल शर्माले पनि जितेकी थिइन् । यो उपाधिपछि उनको कलाक्षेत्रमा प्रवेश भएको थियो ।

## 'ऐँचो पैँचो' गीतमा स्वस्तिमादेखि बुद्धिसम्म




**काठमाडौं (प्रस)–** १४ भदौबाट सार्वजनिक प्रदर्शनमा आउने फिल्म 'ऐँचो पैँचो' को 'काले केटाले' बोलको गीत सार्वजनिक गरिएको छ । बिहीबार राजधानीमा एक कार्यक्रमकाबीच सार्वजनिक गीतमा फिल्मका मुख्य कलाकार स्वस्तिमा खड्का, मुकुन भुसाल, वर्षा राउत, सुशील सिटौला, कोसिस क्षेत्री, राजाराम पौडेल, शारदा गिरी, बुद्धि तामाङ, विशाल पहारी लगायतको अभिनय छ ।

कार्यक्रममा नेकपा एमालेका नेता योगेश भट्टराई अतिथिको रूपमा सहभागी भएका थिए । कार्यक्रममा नेता भट्टराईले फिल्मको सफल व्यवसायको लागि शुभकामना दिए । उनले 'छक्कापञ्जा' र 'जारी' ले राम्रो व्यवसाय गरेको आफुले बुझेको बताउँदै 'ऐँचो पैँचो' ले पनि त्यस्तै कमाउन सफल रहोस् भनेर शुभकामना दिए ।

कृषा चौलागाईं निर्देशित फिल्मलाई सोसियो-पोलिटिकल जनरामा निर्माण गरिएको हो । गाउँको सेटिङमा राजनीतिक कथावस्तु समेत बनाइएको फिल्मको सार्वजनिक गीतमा आशिष अविरल र अस्मिता अधिकारीको स्वर रहेको छ । गीतमा एकनारायण भण्डारीको शब्द र आशिषकै संगीत रहेको छ ।

फिल्ममा स्वस्तिमा खड्का, मुकुन भुसाल, वर्षा राउत, सुशील सिटौला, कोसिस क्षेत्री, राजाराम पौडेल, शारदा गिरी, बुद्धि तामाङ, विशाल पहारी, रमेश बुढाथोकी, रविन्द्र झा, सुमन मोटेको अभिनय छ ।

पुरुषोत्तम प्रधानको छायांकन, विपिन मल्ल र भूपेन्द्र अधिकारीको सम्पादन, अभिमन्यू निरवीको कथा र कविराज गहतराजको नृत्य निर्देशन रहेको फिल्म प्रितम लामिछाने र आध्या लामिछानेले निर्माण गरेका हुन् । विशाल चौलागाईं फिल्मका सह निर्मातामा रहेका छन् ।



# ओलम्पिक रंगशालामा प्रधानमन्त्री दाहाल




■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले इटालीको रोममा रहेको 'स्टुडियो ओलम्पिको रोमा'को आज अवलोकन गरेका छन्।

इटाली भ्रमणमा रहेका उनले ओलम्पिक खेल सञ्चालन हुने रङ्गशालाको अवलोकन गरेका हुन् । अवलोकनका क्रममा उनले उक्त रङ्गशालाका बारेमा अभिरुचीपूर्वक जिज्ञाशा राखेका थिए । सो रङ्गशालामा ७० हजार दर्शक अट्ने बताइएको छ । प्रधानमन्त्री दाहालले खेलाडी आउने जाने मार्ग, प्यारापिट, खेलपछि आयोजना गरिने पत्रकार सम्मेलन कक्ष, रङ्गशाला सञ्चालका क्रममा प्रयोग गरिने सबै क्षेत्रको अवलोकन गरेका थिए ।

उनले रङ्गशालामा प्रदर्शनीमा राखिएको इटालीले प्राप्त गरेको पहिलो शिल्ड, खेलाडीका जर्सीलगायतको अवलोकन गरेका थिए । प्रधानमन्त्री दाहाललाई रङ्गशालाका अधिकारीहरूले सम्पूर्ण जानकारी गराएका थिए ।

उक्त रङ्गशाला सन् १९६० देखि सञ्चालनमा आएको हो । सो रङ्गशालामा विशेष गरी फुटबल, रग्बी र एथलेटिक्सका खेलहरू हुने अधिकारीहरूले जानकारी दिएका थिए ।

# मन्त्री लिम्बूले गरे एसियाड अभ्यासको निरीक्षण

■ प्रभाव संवाददाता

**काठमाडौं–** १९औं एसियाली खेलकुदको आयोजना मिति नजिकिँदै गर्दा नेपालले आफ्नो खेलाडीको तयारीलाई तीव्रता दिइरहेको छ ।

चीनको हाङझाउ सहरमा हुने १९औं एसियाली खेलकुद सुरु हुन अब ५८ दिन मात्र बाँकी छ । करिब दुई महिनाको समय बाँकी छँदा नेपालले आफ्ना खेलाडीलाई विदेश र स्वदेशमा प्रशिक्षण गराउँदै आइरहेको छ । यसपटक नेपालले सहभागी गराउने २९ खेलमध्ये बक्सिङ, तेक्वान्दो र कराँतेलाई पदक सम्भावनामा रहेको भन्दै पहिलो प्राथमिकतामा राखेर तयारी थालेको छ । साथै खेलकुदका कार्यकारी निकायले पनि खेलाडीको प्रशिक्षण र तयारीबारे निरीक्षणमा पनि तीव्रता दिइरहेका छन् ।

युवा तथा खेलकुदमन्त्री डिगबहादुर लिम्बू र राष्ट्रिय खेलकुद परिषद्(राखेप) का सदस्यसचिव टंकलाल घिसिङले १९औं एसियाली खेलकुदको तयारी प्रशिक्षणमा रहेका विभिन्न चार खेलको निरीक्षण गरेका छन् । हाल पौडी, बक्सिङ, तेक्वान्दो, कुस्ती, टेबलटेनिस, गल्फ, क्यानोइङ र फेन्सिङ गरी ९ खेलका खेलाडी वैदेशिक प्रशिक्षणमा छन् । स्वदेशमा प्रशिक्षण गरिरहेका खेलाडीको तयारी बारे खेलकुदका कार्यकारी निकायले निरीक्षण गर्दै आएका हुन् ।




बिहीबार मन्त्री लिम्बू र राखेप सदस्यसचिव घिसिङले विभिन्न स्थानमा अभ्यास गरिरहेका एथलेटिक्स, फुटबल, भलिबल र उसुको तयारी प्रशिक्षणमा रहेका खेलाडीको प्रशिक्षण निरीक्षण गरेका थिए । चारै खेलको प्रशिक्षण त्रिपुरेश्वरस्थित राखेप हातामा भइरहेको छ ।

सो अवसरमा मन्त्री लिम्बूले खेलाडीको तयारीसँग सम्बन्धित विविध पक्षबारे जानकारी लिएका थिए । असोज ६ गतेदेखि सुरु हुने हाङझाव एसियाडमा नेपालले विभिन्न २९ खेलमा सहभागिता जनाउँदै छ ।

# विश्वकप छनोटमा नेपालले लाओससँग खेल्ने



**काठमाडौं (प्रस)–** सन् २०२६ को विश्वकप छनोट र २०२७ को एएफसी एसियन कप छनोटको पहिलो चरणमा नेपालले लाओससँग खेल्ने भएको छ । मलेसियाको क्वालाम्पुरमा भएको ड्र अनुसार नेपालले लाओसलाई प्रतिद्वन्दीको रूपमा पाएको हो ।

नेपालले होम एण्ड अवे गरि दुई म्याच लावोससँग खेल्नेछ । पहिलो लेगको खेल अक्टोबर १२ मा र दोस्रो लेग अक्टोबर १७ मा हुनेछ । एसियाका २७ देखि ४६ वरियताका २० टिमले पहिलो चरणमा होम एण्ड अवे गरि छनोट खेल्नेछन् । विजेता १० टिमले दोस्रो चरणमा स्थान बनाउनेछन् । दोस्रो चरणमा १ देखि २६ वरियताका ३६ टिमलाई ९ समूहमा विभाजन गरेर होम एण्ड अवे गरि छनोट खेलाईनेछ ।

तेस्रो चरणमा दोस्रो चरणबाट छनोट भएका १८ टिमले तीन समूहमा विभाजित भएर होम एण्ड अवेका आधारमा छनोट खेल्नेछन् । तीन समूहका शीर्ष दुई टोली विश्वकपमा सिधै छनोट हुनेछन् । तेस्रो र चौथो स्थानमा आएका टिमलाई समेत छनोटको अवसर प्राप्त हुनेछ ।

# विश्वकप एसिया छनोटको मिति तय

**काठमाडौं (प्रस)–** नेपालमा आयोजना हुने टी-ट्वान्टी विश्वकप छनोटको एसिया क्षेत्र छनोट प्रतियोगिता आगामी कात्तिकमा आयोजना हुने भएको छ ।

अमेरिका र वेस्ट इन्डिजले सन् २०२४ को जुनमा आयोजना गर्ने टी-ट्वान्टी विश्वकपका लागि अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आइसिसी) ले नेपाललाई एसिया क्षेत्रको छनोट चरणको प्रतियोगिताको आयोजना अधिकार दिएको थियो ।

आइसिसीले आफ्नो वेवसाईट मार्फत प्रतियोगिता आगामी अक्टोबर ३० अर्थात कात्तिक १३ बाट सुरु हुने जनाएको छ । प्रतियोगिता नोभेम्बर ९ अर्थात कात्तिक २३ गतेसम्म चल्नेछ ।

एसियाको छनोटमा नेपालसहित ८ राष्ट्रको सहभागीता रहनेछ । प्रतियोगितामा नेपाल सहित युएई, ओमान, हङकङ, बहराइन र सिंगापुरले प्रतिस्पर्धा गर्दै छन् । बाँकी दुई राष्ट्र छनोट चरण पार गरेर आउनेछन् ।

सहभागी ८ टोलीलाई दुई समूहमा विभाजन गरिएनेछ । हरेक समूहको शीर्ष दुई टोली सेमिफाइनल पुग्नेछ । फाइनल पुग्ने टोलीले अर्को वर्ष अमेरिका र वेस्ट इन्डिजमा आयोजना हुने विश्वकपमा स्थान बनाउने छन् ।

नेपाल क्रिकेट संघ(क्यान)का अनुसार प्रतियोगिताका खेलहरू टियु क्रिकेट मैदानमा र मुलपानी क्रिकेट मैदानमा हुनेछ ।

# नाइजरमा सैन्य विद्रोह, संविधान निलम्बनको घोषणा



**नियामे–** पश्चिम अफ्रिकी मुलुक नाइजरमा सैनिक विद्रोह भएको छ । सेनाको एक टोलीले राष्ट्रिय टेलिभिजनबाट विद्रोहको घोषणा गर्दै राष्ट्रपतिलाई अपदस्त गरेको दाबी गरेको छ ।

सैन्य टोलीले राष्ट्रपति मोहम्मद बाजुमलाई बुधबार बिहानैदेखि सेनाले नियन्त्रणमा लिएको छ भने देशको संविधान विघटनका साथै सबै संस्था निलम्बन गरिएको घोषणा पनि गरेको छ ।

सेनाले देशको सिमाना बन्द गरेको बताएको छ । राजधानी नियामेस्थित राष्ट्रपतिको निवास र कार्यालयसम्म जाने बाटो बन्द गरिएको छ भने बन्दी बनाइएका राष्ट्रपतिलाई रिहा गर्न सेनाले अस्वीर गरेको छ। बुधबार राति १० बजेदेखि बिहान ०५ बजेसम्म अर्को सूचना नभएसम्मका लागि 'निषेधाज्ञा' आदेश जारी गरिएको छ।

'हामी, रक्षा र सुरक्षा बलहरूले राष्ट्रपति बाजुमको शासनको अन्त्य गर्ने निर्णय गरेका छौं,' अन्य नौ जना वर्दीधारी सैनिकबाट घेरिएका कर्णेल अमाडो अब्द्रामानेले बुधबार राति टेलिभिजन सम्बोधनमार्फत घोषणा गरे । विश्व तथा क्षेत्रीय नेताहरूले बाजुमलाई रिहा गर्न आह्वान गरेका छन् ।

दुई वर्षअघि उनले नाइजरको सत्ता सम्हालेका हुन् । छिमेकी बेनिनका राष्ट्रपति प्याट्रिस टालोन मध्यस्थता प्रयासका लागि नियामेतर्फ प्रस्थान गर्ने तयारीमा रहेको पश्चिम अफ्रिकी राज्यहरूको आर्थिक समुदायले जनाएको छ ।

राष्ट्रपति र उनको परिवार सकुशल रहेको सेनाले बताएको छ । संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेस र अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिंकेनले सैन्य विद्रोहको निन्दा गर्दै राष्ट्रपति बाजुमलाई निःशर्त तत्काल रिहा गर्न आह्वान गरेका छन् । अफ्रिकी संघ र युरोपेली संघले पनि सैन्य विद्रोहको विरोध गर्दै राष्ट्रपति बाजुमको रिहाइको माग गरेका छन् । *रासस/एएफपी*

# हिरासतमा रहेका राष्ट्रपतिको लोकतन्त्र जोगाउने प्रतिबद्धता



**नियामे–** सैनिक हिरासतामा रहेका नाइजरका राष्ट्रपति मोहम्मद बाजुमले ठूलो संघर्षबाट प्राप्त लोकतन्त्रलाई जोगाउने प्रतिबद्धता व्यक्त गरेका छन् । प्रजातन्त्र र स्वतन्त्रताका पक्षधर सबै नाइजसवासी आफ्नो पक्षमा रहेका उनले बताएका छन् ।

आफ्नै सेनाद्वारा बन्दी बनाइएका उनले कठोर संघर्षबाट प्राप्त प्रजातान्त्रिक उपलब्धि जोगाउने प्रतिबद्धता व्यक्त गरेका हुन् । सामाजिक सञ्जालमार्फत उनले लोकतन्त्रका निम्ति साहसपूर्वक लड्ने दृढता व्यक्त गरेका हुन् ।

अफ्रिकी र अन्तर्राष्ट्रिय संगठनले सैन्य विद्रोहको निन्दा गरेका छन् । साथै, नाइजरका पश्चिमा सहयोगीले पनि सैनिक कारबाहीको निन्दा गर्दै अविलम्ब राष्ट्रपतिलाई रिहा गर्न र लोकतान्त्रिक पद्धतिमा फर्कनन आह्वान गरेका छन् ।

नाइजरका विदेशमन्त्री हसौमी मसुदुउले देशको वैध शक्ति निर्वाचित राष्ट्रपति भएकाले विद्रोहमा उत्रेका सबै सिपाहीलाई काममा फर्कन र वार्ताका माध्यमबाट समस्याको निकास खोज्नुपर्नेमा जोड दिएका छन् । उनले गणतन्त्रको विपक्षमा जान नसकिने पनि स्पष्ट गरेका छन् । साथै, उनले राष्ट्रपति सकुशल रहेको स्पष्ट गरेका छन् । *रासस/एएफपी*


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MAHA BAJAD AL-MUTAIRI TRADING EST

पूर्व स्वीकृति मिति २०८०/०२/२८ | पुन विज्ञापन स्वीकृति मिति २०८०/04/११ | LT. No. 287582 | चलानी नं. ६०२०२९६१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 3 | 0 | 1800 | ६२,९१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन १९ गते (4th Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | कामदार आफैंले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ११०८/०७३/०७४

**Emerald Isle Nepal Pvt. Ltd.** (GULMI OVERSEAS PVT LTD)
Purano Baneshwor-10, Kathmandu, Nepal. Tel- +977-4488542/4489323
Email:- emeraldislenepal@gmail.com, info@einepal.comSS



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : HADI HAMAD AL HAMMAM CONTRACTING CO.

पूर्व स्वीकृति मिति २०८०/04/११ | LT. No. 289958 | चलानी नं. ६०२०५२७५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Smith | 11 | 0 | 1200 | ४१,९४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन १९ गते (4th Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

License No. : 1563/079/080

**HAMDAN GLOBAL PVT. LTD.**
Sinamangal - 9, Kathmandu (Opposite of Hope hospital), Tel: +977 1 5915082 / 83
Email: hamdanglobalnepal@gmail.com, Web: www.hamdanglobal.com



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी: MANNAT CONTRACTING AND TRADING

पूर्व स्वीकृति मिति: २०८०/04/११ | LT. No.289881 | चलानी नं. ६०२०५२६२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Worker | 3 | 0 | 1000 | ३६,३१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Foreman | 1 | 0 | 2500 | ९०,०२० | | | | | | | |
| 3 | General Supervisior | 2 | 0 | 2500 | ९०,०२० | | | | | | | |
| 4 | Heavy Vehicle Driver | 1 | 0 | 1900 | ६८,४१५ | | | | | | | |
| 5 | Instal Technician | 1 | 0 | 1200 | ४३,२१० | | | | | | | |
| 6 | Labour | 1 | 0 | 1000 | ३६,३१० | | | | | | | |
| 7 | Mason | 3 | 0 | 1200 | ४३,२१० | | | | | | | |
| 8 | Plaster Worker | 4 | 0 | 1200 | ४३,२१० | | | | | | | |

कम्पनी: RIGHT WAY CONTRACTING & CLEANING

पूर्व स्वीकृति मिति: २०८०/04/११ | LT. No.289882 | चलानी नं. ६०२०५२६३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Worker | 3 | 0 | 1300 | ४६,८१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cabling Tech. | 2 | 0 | 1500 | ५४,०१० | | | | | | | |
| 3 | Foreman | 1 | 0 | 2800 | १००,८२५ | | | | | | | |
| 4 | Instal Technician | 3 | 0 | 3000 | १०८,०२५ | | | | | | | |
| 5 | Labour | 2 | 0 | 1300 | ४६,८१० | | | | | | | |
| 6 | Plaster Technician | 4 | 0 | 1500 | ५४,०१० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन १९ गते (4th Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रु.७००/– रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रोजगारदाता आफैले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**GURUNG MAGAR SERVICES PVT. LTD.**
G.P.O. Box: 8975, E.P.C. 2635, Basundhara-5, KTM. Nepal
Govt. Lic. No. 851/066/067
Tel: +977-15903411 , +977-15903412 ,
9851002414 , 9849886526, 9841896927,9851003258,9849832175
regards Email: gmservicesnepal@gmail.com
Website : www.gurungmagarservices.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : EZZ GOLDEN LAUNDRIES FOR CAR SERVICES

पूर्व स्वीकृति मिति २०८०/04/११ | LT No. 289745 | चलानी नं. ६०२०५२३६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Mobile Vehicle Washer | 2 | 0 | 1000 | ३४,९५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन १९ गते (4th Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/– कामदार आफैंले | रोजगारदाताले दिने |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु.१,५०० कामदार आफैंले **सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने :** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Access Partners Nepal Pvt. Ltd.** Gov.Lic.No. : 1101/073/074
Tokha-10, Samakhusi, Kathmandu, Nepal Tel:+977-1-014956899,
Mobile: 9851095260, 9851019507, 9802095260, 9813263946, 9841032112, and 9829582034
E-mail : mail@apnepal.com.np, Website : www.apnepal.com.np



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SAMAM SPECIAL SECURITY SERVICE WLL

पूर्व स्वीकृति मिति २०८०/04/११ | LT. No. 290006 | चलानी नं. ६०२०५२२८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Guard | 50 | 5 | 1500 | ५४,०१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन १९ गते (4th Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Global Recruitment Group Pvt.Ltd.**
(BASNET AND GROUP HUMAN RESOURCE PVT LTD)
License No. : 1535/078/079
Tokha-10, Samakhusi, Kathmandu, Head Office Contact: 01-5910484, 9801193079
Branch Office Pokhara: 9802853028, Branch Office Chitwan: 9857037097
Email : Doc@grgnepal.com.np



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : TROOK CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति २०८०/04/११ | LT. No. 289083 | चलानी नं. ६०२०५२५५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | BLACKSMITH | 1 | 0 | 2500 | ८७,३८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन १९ गते (4th Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**AL-HERA OVERSEAS PVT. LTD.**
Tilganga, Ktm, Nepal, Tel: +977-1-4465886, 4465902, Fax :+977-1-4460601
E-mail:alheraoverseas@ntc.net.np, jaynulrain@yahoo.com, khatunrain78692@gmail.com, Website :www.al-heraoverseas.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL-TAWI FOR BUILDING AND CONSTRUCTION CO.LTD

पूर्व स्वीकृति मिति: २०८०/०१/०७ | पुन विज्ञापन स्वीकृति मिति २०८०/04/११ | LT. 285092 | चलानी नं. ६०२००४००

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 26 | 0 | 1800 | ६३१०९ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Road Maintenance Worker | 1 | 0 | 1200 | ४२,०७२ | | | | | | | |
| 3 | Truck Driver Public | 2 | 0 | 1800 | ६३१०९ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन १९ गते (4th Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**CENTRAL CAPITAL SERVICES PVT.LTD.** श्रम इजाजत नं. ५७४/०६२/०६३
P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4479491/4479492
Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : DELBA POLYSTYRENE FACTORY

पूर्व स्वीकृति मिति २०८०/04/११ | LT. No. 289732 | चलानी नं. ६०२०५२३४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manufacturing Worker | 1 | 0 | 1100 | ३८,४४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन १९ गते (4th Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रू. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Al Kausar Human Resource Pvt.Ltd.** (Makawanpur Overseas Pvt. Ltd.)
श्रम इजाजत नं.११४२/०७३/०७४ Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : KEDAI ROTI PING LAI (PG0022298-K)

पूर्व स्वीकृति मिति : २०७९/०६/०३ | पुन विज्ञापन स्वीकृति मिति २०८०/04/११ | LT. No. 271687 | चलानी नं. ६०१८७९७४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 10 | 0 | 1500 | ४३,११५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन १९ गते (4th Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १४६५/०७४/०७५

**Ever Bright Overseas Pvt.Ltd.**
Sambhu Margal–09 Kathmandu, Nepal, Tel: +977-01-5911758, 5911759
Email: everbrightoverseas123@gmail.com, Web: www.everbrightoverseas.com



## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल– डिल्लीबजार, फोन नं. ४४३९२०१ । **Reachmond Books Shop** (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । **Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217** । दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञानज्योति पुस्तक पसल – बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार– सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. – पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी– बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी– गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । **B-Tech Nepal-** पुतलीसडक चोक, फोन नं.**9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi)** जमलको पुलमुनी– विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर– कलंकी चोक फोनः ०१–४२७६५३०, फ्याक्सः०१–४२७१३२२ । दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१–४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट –९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१– ४२२४१८१, ०१– ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – ११३५०० | प्रति तोला – ११२९५० | प्रति तोला – १४९० |



रोल्पा त्रिवेणी-३ बल्लेजुरबाट देखिने सल्यान कपुरकोट गाउँपालिका-६ स्थित छायाँनाथ गाउँ र सुन्दर फाँट । *तस्बिरः कुलदीप न्यौपाने/रासस*

# तस्करी रोक्न समन्वयकारी भूमिका आवश्यक : अर्थमन्त्री

■ प्रभाव संवाददाता



**काठमाडौं–** अर्थमन्त्री डा. प्रकाशशरण महतले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल र भन्सार विभागमा कार्यरत कर्मचारीलाई दृढताका साथ काम गर्न निर्देशन दिएका छन् । बिहीबार विमानस्थल र भन्सार अनुगमनपछि मन्त्री डा. महतले आगामी दिनमा कुनै पनि बहानामा वा कुनै पनि तवरबाट गैरकानुनी काम हुन नदिने प्रयासका लागि जिम्मेवार हुन आग्रह गरे ।

'अपराध र तस्कारी गर्ने मनसाय भएका व्यक्तिले नयाँ-नयाँ प्रविधिको प्रयोग गरिरहेका हुन्छन्, हामीले पनि हाम्रो प्रविधि समय सापेक्षा अपग्रेड गर्नुपर्ने हुन्छ,' उनले भने। उक्त अवसरमा मन्त्री महतले विमानस्थलमा भन्सार प्रक्रिया पूरा गरी सामान आउँदै गर्दा केकस्ता प्रक्रिया पूरा गर्नुपर्छ र प्राविधिकरूपमा के कस्ता समस्या छन् भन्ने विषयमा जानकारी लिएका थिए ।

'अराइभलदेखि डिपार्चर र कार्गो क्षेत्र सबैमा अनुगमन भयो, काम कसरी भइरहेको छ भन्ने हेरिएको छ,' उनले भने, 'सम्बन्धित निकायको समन्वयकारी भूमिका भएमा खण्डमा सुन तस्करी जस्ता गैरकानुनी गतिविधि अन्त्य गर्न सकिन्छ ।' मन्त्री डा. महतले भने, 'कार्गोलगायत भन्सारका सबैतिर अवलोकन गर्‍यौं, कसरी चलेको छ, सिस्टमका बारेमा बुझ्यौं। अन्तर्राष्ट्रिय विमानस्थल भएकाले विभिन्न निकायले काम गरिरहेको छ। यसमा आ-आफ्नो जिम्मेवारी छ।'

मन्त्री डा. महतले भने, 'राजस्व अनुसन्धान, भन्सार विभाग, जनपद प्रहरी, सशस्त्र प्रहरी र सेना पनि छ । नागरिक उड्डयन मन्त्रालयले नै सञ्चालन गरेको छ । सबैको समन्वयकारी भूमिका हुनु अनिवार्य छ। एकअर्कालाई सहयोग गर्नुपर्छ, त्यो भयो भने मात्र गैरकानुनी गतिविधि कम भएर जान्छ ।'

अपराध गर्ने, तस्करी गर्ने मनसाय भएका व्यक्तिहरूले नयाँ नयाँ प्रयोग गरिरहेका हुन्छन् । त्यसकारण हामीले पनि प्रविधिलाई त्यहीअनुरूप अपग्रेट हुनुपर्ने मन्त्री डा. महतको भनाइ थियो। उनले अहिले असाधारण गतिविधि भइरहेको छ, अनुसन्धानमा जोडिएका साथीहरूले यसबारे निगरानी गर्नुपर्छ । यही निगरानीका आधारमा सूचना आदान-प्रदान गर्नुपर्छ। यदि यसो भयो भने अपराध गर्ने मानसिकता भएका व्यक्तिको प्रयास विफल हुने बताए ।

सुन तस्करीको घटनामा पनि सुचनाकै आधारमा पक्राउ परेको बताउँदै मन्त्री महतले भने, 'सबैको भूमिका यसमा महत्वपूर्ण हुन्छ, एउटैको मात्र भूमिकाले राम्रो नतिजा आउँदैन ।'

भन्सारसँग जोडिएका साथीहरू उच्च सर्तकताका साथ समन्वयकारी भूमिका निर्वाह गरेर काम गर्न आग्रह गर्दै मन्त्री डा. महतले भने, 'नेतृत्वमा नयाँ साथीहरू आउनु भएको छ, उहाँहरूलाई चाहिने प्रविधि अपग्रेट गर्नका लागि अर्थ मन्त्रालय पूरा सहयोग गर्न चाहन्छ ।'

# सेयरबजारमा लगातार गिरावट

■ प्रभाव संवाददाता




**काठमाडौं–** धितोपत्र बजारमा सेयर कारोबार मापक नेप्से परिसूचक २९ दशमलव ७१ अंकले ओरालो लागेर दुई हजार एक सय २६ दशमलव ४८ मा सीमित भएको छ । ठूला कम्पनीको सेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक पाँच दशमलव २६ अंकले ओरालो लागेर चार सय तीन दशमलव ८४ मा सीमित भएको हो ।

बिहीबार कारोबार भएका कूल १३ उपसमूहको सेयर मूल्यमा नै गिरावट आएको छ। कूल ६२ लाख ७१ हजार सात सय ७७ कित्ता सेयर रु दुई अर्ब ४२ करोड ५७ लाख ८० हजार सात सय ८० मूल्यमा खरिद बिक्री भएका छन् ।

नेप्सेका अनुसार कारोबार रकमका आधारमा शिवम् सिमेन्ट शीर्ष स्थानमा छ । सो कम्पनीको रु १० करोड ५७ लाख ५९ हजार नौ सय ६६ मूल्यमा खरिद बिक्री भएका छन् ।

यस्तै हिमालयन लाइफ इन्स्योरेन्स रु आठ करोड ३६ लाख ६० हजार पाँच सय ७३, प्रोगेसिभ फाइनान्स रु छ करोड ८० लाख ७७ हजार, नेपाल पुनरबिमा कम्पनी रु छ करोड ११ लाख ७१ हजार र एभरेष्ट बैंक रु छ करोड तीन लाख ८० हजार, छ सय १६ बराबरको कारोबार भई शीर्ष पाँचभित्र पर्न सफल भएका छन् ।

नेप्सेका अनुसार, एनआइसी एसिया फ्लेक्स फण्ड सात दशमलब ३९, मनकामना स्मार्ट लघुवित्त पाँच दशमलव ९०, इमर्जिङ नेपाल पाँच दशमलव ६६, अभियान लघुवित्त पाँच दशमलव ६१ र सिक्लेस हाइड्रोपावरको सेयर मूल्य चार दशमलव शून्य नौ प्रतिशतले बढेको छ ।

यस्तै, किसान लघुवित्त आठ दशमलव ६८, प्रोगेसिभ फाइनान्स चार दशमलव ९८, माइ खोला हाइड्रोपावर चार दशमलव ९०, मिथिला लघुवित्त चार दशमलव ६७ र बरुण हाइड्रोपावरको सेयर मूल्य चार दशमलव २० प्रतिशतले घटेको छ ।

# रामेछापमा अझै हुन सकेन धान रोपाइँ

**रामेछाप–** देशका विभिन्न भागमा अत्यधिक वर्षाका कारण बाढी पहिरोका समाचार आइरहेका बेला रामेछापमा भने पर्याप्त पानी नपर्दा धान रोपाइँ हुन सकेको छैन । साथै खडेरीले बर्खे बालीका रूपमा लगाइएका बाली पनि सुक्न लागेका छन् ।

जिल्लाको बढी धान हुने माडी फाँट, मन्थली फाँट मुगिटार फाँट, खिम्ती बेसी, तिल्पुङ हलेदे बैँसीलगायतका ठाँउमा उल्लेख्यरूपमा अझै धान रोपाइँ हुन सकेको छैन । पानीका भल छोपेर रोप्नुपर्ने पाखे खेतमा रोप्न राखिएको धानको बीउ छिप्पिन लागिसकेको छ। बीउ छिप्पिएपछि धान रोप्नु र नरोप्नुको कुनै अर्थ नहुने कृषि विज्ञ बताउँछन् ।

धान रोप्नेमात्र नभई पाखो बारीमा छरिएका बर्खे बाली मकै, गहत, कोदोलगायतका बाली पनि खडेरीका कारण सुक्न लागेका हुन् । जिल्लामा बिहान बेलुका सामान्य धुलो मर्ने गरी कहिलेकाहीँ पानी पर्ने गरेको भए पनि जमिन भिज्ने र खोलानाला आउने गरी दुई महिनाअघिदेखि पानी पर्न सकेको छैन ।

जिल्लामा रहेको कूल खेतीयोग्य जमिन ५० हजार नौ सय आठ हेक्टर रहे पनि धान रोप्न योग्य जमिन सात हजार आठ सय ५९ हेक्टर रहेको छ । त्यसमध्ये अहिलेसम्म करिब ४४ प्रतिशत मात्र धान रोपिएको कृषि ज्ञान केन्द्रले जनाएको छ ।

केन्द्र प्रमुख निर्मला गुरुङका अनुसार वर्षाको समयमा पर्याप्त पानी नपर्दा धान रोपाइँ हुन नसकेको हो । *रासस*

# अझै अघि बढेन औद्योगिक क्षेत्रको काम

**पोखरा–** छ वर्षअघि निर्माण घोषणा भएका यहाँका दुई औद्योगिक क्षेत्रका लागि जग्गा व्यवस्थापन अझै हुनसकेको छैन । जग्गा प्राप्तिका लागि गण्डकी प्रदेश सरकारले पठाएको प्रस्ताव वन तथा वातावरण मन्त्रालयमा पुगेर रोकिएको छ ।

कास्कीको पुँडीटार र नवलपुरको लोकाहाखोलामा औद्योगिक क्षेत्र बनाउने प्रदेश सरकारको योजना जग्गा व्यवस्थापन हुन नसक्दा रोकिएको हो । पुरानै आयोजना कार्यान्वयनमा आउन नसकिरहेका बेला सरकारले गोरखामा अर्को औद्योगिक क्षेत्रको सम्भाव्यता अध्ययन गर्ने तयारी गरेको छ ।

प्रदेशको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय अन्तर्गत उद्योग-वाणिज्य महाशाखाका प्रमुख रामप्रसाद आचार्यले आफूहरू सङ्घीय वन मन्त्रालयसहित सङ्घ सरकारको निर्णय कुरेर बसेको बताउँछन्। 'जग्गा प्राप्तिका लागि प्रक्रिया अघि बढेको छ, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयबाट फाइल वन मन्त्रालयमा पुगेको छ,' उनले भने, 'वन मन्त्रालयको सहमतिपछि मन्त्रिपरिषद्ले जग्गा उपलब्ध गराउने निर्णय गर्‍यो भने औद्योगिक क्षेत्रमा पूर्वाधारको काम अघि बढ्छ ।'

जग्गा व्यवस्थापनका लागि उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री दीपेन्द्रबहादुर थापासहित मन्त्रालयका पदाधिकारीले केही समयअघि प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'सँग पनि भेटघाट गरेका थिए । महाशाखा प्रमुख आचार्यले प्रधानमन्त्रीले जग्गा दिने प्रक्रियालाई छिटो टुङ्ग्याउन मातहातको मन्त्रालय र निकायलाई निर्देशन दिएको बताए । मन्त्रालयले पुँडीटारमा रु ५४ करोड र लोकाहाखोलामा रु ७६ करोडको विस्तृत परियोजना प्रतिवेदन (डिपीआर) तयार पारिसकेको छ ।

वातावरणीय प्रभाव मूल्यांकनको काम पनि अगाडि बढाइएको मन्त्रालयले जनाएको छ । औद्योगिक क्षेत्रलाई चाहिने जग्गा नापजाँच तथा यकीन भइसकेकाले अब सङ्घ सरकारको निर्णयको पखाइमा प्रदेश सरकार छ । प्रदेश सरकार मन्त्रिपरिषद्ले आवश्यक निर्णय गरी जग्गा प्राप्तिको प्रस्ताव छ महिनाअघि नै सङ्घमा पठाएको थियो । सरकारी जग्गाको भोगाधिकार दिने निर्णय सङ्घ सरकारको मन्त्रिपरिषद्ले गर्नुपर्छ ।

जग्गा प्राप्ति भएपछि पुँडीटारमा चार हजार पाँच सय रोपनी र लोकाहाखोलामा एक सय ४१ बिघाहामा औद्योगिक क्षेत्र निर्माण हुनेछ । पुँडीटार औद्योगिक क्षेत्रले कास्कीको पोखरा-३३ र तनहुँको शुक्लागण्डकी-९ को केही भू-भागलाई समेट्छ । लोकाहाखोला औद्योगिक क्षेत्र नवलपुरको कावासोती-१ र देवचुली-१० मा स्थापना हुन लागेको हो । पुँडीटारमा केही अव्यवस्थित बसोबास रहेको ठाउँ रहेपनि बस्तीबाहेकको जग्गालाई मात्र समेटेर 'डिपिआर' बनाइएको मन्त्रालयले जनाएको छ । प्रस्तावित दुवै औद्योगिक क्षेत्रको जग्गा सामुदायिक वन क्षेत्रभित्र पर्छ । जग्गाको नापजाँच र स्रेस्ता कायम भइसकेको पोखरा-३३ का वडाअध्यक्ष रामचन्द्र अधिकारीले बताए ।

सङ्घ सरकारले जग्गा उपलब्ध गराउने विषयमा सकारात्मक निर्णय गर्नेमा उनले विश्वास व्यक्त गरे । वडाध्यक्ष अधिकारीले अव्यवस्थित बसोबासमा रहेका ५०/६० घरघुरीलाई स्थानान्तरण गर्नुपर्ने अवस्था रहेको बताए । "औद्योगिक क्षेत्र बनाउने निर्णय छ वर्षअघि भए पनि जग्गामै अल्झेर बसेको थियो, अब काम अघि बढ्ने आशा जागेको छ,' वडाध्यक्ष अधिकारीले भने, 'ठूला र गौरवका आयोजनालाई जग्गा दिन सङ्घ सरकारले आनाकानी गर्नुहुँदैन ।'

उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री दीपेन्द्रबहादुर थापाले आफू मन्त्रालयको जिम्मेवारीमा आएपछि औद्योगिक क्षेत्रलाई गति दिन लागिपरेको बताए । 'प्रधानमन्त्री, मुख्य सचिवलगायतसँग भेटेर जग्गाको विषयमा कुरा राखेका छौँ, जग्गा व्यवस्थापनको प्रक्रिया छिट्टै टुङ्गिन्छ भन्ने विश्वास छ,' उनले भने, 'वन मन्त्रालयबाट प्रस्ताव स्वीकृत भएर मन्त्रिपरिषद्मा आयो भने बल्ल अन्तिम निर्णय हुन्छ ।'

घोषणा भएको वर्षौं बितिसक्दा पनि औद्योगिक क्षेत्र निर्माणको काम अघि नबढ्नु दुःखद् रहेको मन्त्री थापाको भनाइ छ । प्रदेश सरकारले दुई औद्योगिक क्षेत्रसँगै २५ उद्योग ग्राम निर्माणको योजनालाई अघि बढाएको थियो ।

जग्गा व्यवस्थापन गर्न नसक्दा अधिकांश ठाउँमा उद्योग ग्रामको काम पनि अघि बढ्न सकेको छैन । कतिपय स्थानीय तहले जग्गा भएर पनि पूर्वाधार निर्माणमा ढिलासुस्ती गरिरहेका छन् । उद्योग ग्राममा बजेट खर्च गर्न नसकेर गतवर्ष केही स्थानीय तहले बजेट फिर्ता गरेका थिए । मन्त्रालयले गत आवमा विभिन्न जिल्लामा १० उद्योग ग्रामका लागि रु १० लाखका दरले बजेट बिनियोजन गरेको थियो । तनहुँको भानु नगरपालिका, ऋषिङ, आँबुखैरनी गाउँपालिका, स्याङ्जाको अर्जुनचौपारी, कालीगण्डकी गाउँपालिका, चापाकोट, वालिङ नगरपालिका, लमजुङको राइनास नगरपालिका, बागलुङको ताराखोला र मनाङको चामे गाउँपालिकामा उद्योग ग्राम निर्माणाधीन छ । *रासस*

**चट्याङको समयमा सतर्क रहौं ।**

चट्याङबाट बच्ने उपायः

- बिजुली चम्केको बेला सतर्कता अपनाउने,
- विद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो वस्तु नछुने,
- बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने,
- खुला ठाउँमा भए कुनै घर अथवा भवनमा प्रवेश गर्ने,
- सकभर अग्लो स्थानमा नबस्ने,
- धातुका ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने ।

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्सप्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ